का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ भदौ २०८३
आइतबार
6 September 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २४, अंक २२७। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सकुशल उद्धारले दिएको खुसी



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० भदौ

शनिबार अपर त्रिशूली १ जलविद्युत् आयोजनाको सुरुङबाट एक चिनियाँ नागरिकको जीवितै उद्धार भयो। शनिबार नै बाढीले क्षति पुऱ्याएको नुवाकोटको विदुर १० बेत्रावतीस्थित घरबाट आनन्द श्रेष्ठकी श्रीमती चण्डिका श्रेष्ठको पनि जीवितै उद्धार भयो। बेत्रावतीस्थित क्षतिग्रस्त घरको संरचनाभित्र फसेकी श्रेष्ठलाई सशस्त्र प्रहरी बल नेपालका इन्स्पेक्टर सुमन विकको कमान्डमा खटिएको टोलीले उद्धार गरेको हो।

दुवै जना बाढी आएको ११औं दिन उद्धार भएका हुन्। यसअघि बाढी आएको १०औं दिन अर्थात् शुक्रबार त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट दुई जनाको जीवितै उद्धार भएको थियो। सुरुङमा फसेका सञ्जय साह र कविर महर्जनलाई सुरक्षाकर्मीले उद्धार गरेका थिए। रसुवाको भोटेकोशीमा भदौ १० गते पृष्ठ २ मा

# विपद्मा देश, आफ्नै चिन्तामा कांग्रेस
## ल्याए महाधिवेशनका दुई कार्यतालिका



**संस्थापन पक्ष**

- जनसम्पर्क समितिका अधिवेशन भदौ मसान्त
- गाउँ-नगर वडा अधिवेशन भदौ २४ गते
- पालिका अधिवेशन २७ गते
- प्रदेशसभा क्षेत्र अधिवेशन भदौ ३१ गते
- प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन असोज ३ गते
- जिल्ला अधिवेशन असोज ७ गते
- प्रदेश अधिवेशन असोज ११ गते
- महाधिवेशन असोज १६-१९ गते



**देउवा पक्ष**

- वडा अधिवेशन असोज १५ गते
- पालिका अधिवेशन असोज २० गते
- प्रदेश सभा निर्वाचन क्षेत्र एवं प्रतिनिधि सभा निर्वाचन क्षेत्र असोज २३ गते
- जिल्ला अधिवेशन कात्तिक १५ गते
- प्रदेश अधिवेशन मंसिर ४ गते
- महाधिवेशन मंसिर २१-२३ गते

राष्ट्रिय विपद्को घडीमा सरकार र कांग्रेससहित सबै राजनीतिक दलहरू विपद्पछिको खोज, उद्धार र राहतमा व्यस्त रहँदा नेपाली कांग्रेस देउवा समूहका नेताहरू पार्टीको छुट्टै महाधिवेशन घोषणा गरेर कार्यकर्ता खोज्दैछन्।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २० भदौ

भदौ १० गते आइको भोटेकोशी बाढीसँगै राष्ट्रिय राजनीतिका मुख्य दलहरू विपद् सामनाको तयारीमा कसरी जुट्ने भन्ने छलफलमा केन्द्रित भए। राज्यका निकायहरू आफ्नो स्रोत साधन परिचालन गरेर खोज, उद्धार र राहतमा लागेका छन्। सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले बोलाएको सर्वदलीय बैठकमा सबैजसो राजनीतिक दलहरू सहभागी भए। विपद्मा सरकारसँगै रहेको सन्देश दिए।

प्रतिनिधि सभाको दोस्रो ठुलो दल नेपाली कांग्रेस पनि सोही अभियानमै छ। तर, कांग्रेसकै एउटा समूह भने बाहिर बसेर कार्यकर्ताको साथ खोजिरहेको छ।

पार्टीको विशेष महाधिवेशनले नीति र नेतृत्व परिवर्तन गरेसँगै शेर बहादुर देउवा समूह निर्वाचन आयोग र अदालतमा गएको थियो। दुवै निकायले विशेष महाधिवेशनलाई नै आधिकारिकता दिएपछि देउवा पक्षका नेताहरूले पनि विशेष महाधिवेशनबाट आएका सभापति गगन थापाको नेतृत्व स्वीकार गरे। सो समूहका अधिकांश नेताहरूले प्रतिनिधिसभा सदस्य निर्वाचनमा थापाकै हस्ताक्षरको टिकट लिइ चुनाव लडे। रास्वपाको पक्षमा स्वस्फूर्त बनेको चुनावी माहोलले कांग्रेसका सभापति थापासहित अधिकांश पुराना नेताहरू पराजित भए। चुनावी परिणामपछि समेत केही समय मत्थर भएको देउवा समूहले पृष्ठ २ मा



कांग्रेसको वैधानिकता मंसिरमा सकिने भएकाले असोजमा महाधिवेशनको तयारी भएको हो। विधि/विधान भित्र रहेर पार्टी सञ्चालन गर्न र सबैलाई समेटेर महाधिवेशनमा जान विभिन्न कोणबाट छलफल भइरहेको छ।

**प्रदीप पौडेल**
**महामन्त्री**
**नेपाली कांग्रेस**



गगनजीहरूले घोषणा गरेको महाधिवेशन कार्यतालिका रोकेर सहमतिमा बीचको बाटो खोजौं भनेका थियौं। उहाँहरूले सहमति गर्न नचाहेपछि छुट्टै महाधिवेशनको प्रक्रिया अघि बढाएका हौं।

**एनपी साउद**
**नेता**
**संस्थापन इतर**

# उत्तरतर्फ वैकल्पिक नाका खोज्दै सरकार



रसुवागढी बन्द भएपछि चीनसँगको व्यापार र पर्यटक आवागमनमा परेको असरलाई कम गर्न वैकल्पिक सीमा नाकाको प्रयोगबारे चीनसँग निरन्तर संवाद भइरहेको छ।

**शिशिर खनाल**
**परराष्ट्रमन्त्री**

२०७२ सम्म तातोपानी मुख्य नाका थियो। विनाशकारी भूकम्पपछि बाढी र पहिरोको जोखिम बढेसँगै रसुवागढी मुख्य नाकाको रुपमा विकसित भयो। भदौ १० मा ध्वस्त भएपछि कोरला वैकल्पिक रूपमा प्रयोग भएको छ। तर यसमा पनि हिमपातको समस्या छ।




| | |
|---|---|
| रसुवागढी | बाढीले ध्वस्त |
| तातोपानी | पहिरोको जोखिम |
| कोरला | वैकल्पिक, तर हिमपातको समस्या |
| हिल्सा र किमाथांका | कमजोर भौगोलिक अवस्था |
| ओलाङचुङगोला | धान्दैन मुख्य व्यापार |

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० भदौ

भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीले रसुवागढी नाकाको नेपाली र चिनियाँ दुवैतर्फका पूर्वाधारमा ठुलो क्षति पुऱ्याएको छ। नेपालतर्फ भन्सार, मितेरी पुल, टिमुरे बजारलगायत संरचनामा क्षति पुगेको छ भने चीनतर्फ पनि केरुङतर्फको सम्पर्क पूर्वाधार प्रभावित छ। रसुवागढी केरुङ नाका ध्वस्त भयो। यससँगै चीनसँगको व्यापारिक आवागमन ठप्प छ। नेपालको चीनसँगको मुख्य व्यापारिक नाका नै बन्द भएपछि सरकारले तत्कालका लागि वैकल्पिक मार्ग प्रयोग गर्ने र दीर्घकालीन रूपमा भरपर्दो विकल्प खोज्ने तयारी थालेको छ।

रसुवागढी बन्द भएपछि तत्कालको विकल्पका रूपमा मुस्ताङको कोरला नाकालाई प्रयोग गर्न थालिएको छ। तर, कोरला उच्च हिमाली क्षेत्रमा पर्ने भएकाले वर्षभरि निर्बाध सञ्चालन गर्न सकिने नाकाका रूपमा यसलाई तत्काल रसुवागढीको विकल्प मान्न कठिन छ। सडक तथा भन्सार पूर्वाधारको क्षमता पनि रसुवागढीमा हुँदै आएको व्यापारिक चाप धान्ने स्तरमा पुगिसकेको छैन।

त्यसमाथि चीनले तातोपानी नाकाबाट हुने आयातनिर्यातसमेत अस्थायी रूपमा रोकेपछि नेपालको उत्तरी व्यापारिक आपूर्ति प्रणालीमा थप दबाब परेको छ। यही अवस्थाबीच सरकारले चीनसँग वैकल्पिक व्यापारिक मार्ग सञ्चालनका लागि कूटनीतिक पहल अघि बढाएको छ।

परराष्ट्रमन्त्री शिशिर खनालले भदौ १६ गते एक टेलिभिजनमा अन्तर्वार्ता दिँदै रसुवागढीमा रोकिएका चिनियाँ मालवाहक कन्टेनरलाई वैकल्पिक नाकाबाट ल्याउने विषयमा चीनसँग छलफल भइरहेको बताएका पृष्ठ २ मा

# बाढीले आफन्त लग्यो अ'सामाजिक' टिप्पणीले चरित्र

भोटेकोशीको बाढीले घर, सम्पत्ति र आफन्त गुमाएका नागरिकले राज्यलाई भनिरहेका छन्, 'आफन्त खोजिदिनुस्।' यो स्वाभाविक नागरिक अधिकार हो। तर यही कुरा सामाजिक सञ्जालमार्फत भन्दा सरकारविरोधीका रूपमा व्याख्या गर्दै पीडितकै चरित्र र जीवनमाथि आपत्तिजनक टिप्पणी भइरहेका छन्।



श्रीमानको खोजी गरिदिन सरकारलाई बिलौना गरिरहनुभएको दिदीको भिडियो हेरें। तर मलाई त्यो भिडियोमा आएको कमेन्टले नराम्रो लाग्यो।

**रन्जु दर्शना**
**सांसद, रास्वपा**



व्यक्ति फेरिए पनि संस्कार फेरिएको छैन, श्रीमान् खोजिदिनुस् भनेर रोइरहेकी महिलालाई गाली गरेर कुनै सरकार बलियो हुँदैन।

**ज्ञानेन्द्र शाही**
**सांसद, राप्रपा**

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २० भदौ

विपद्को समयमा नागरिकले राज्यसँग गर्ने पहिलो अपेक्षा हो- सुरक्षा, उद्धार र आफ्नाआफन्तको खोजी। तर भोटेकोशी नदिमा आएको बाढीले आफ्ना परिवार बेपत्ता भएपछि खोजी गरिदिन सरकारसँग गरेको आग्रहलाई सामाजिक सञ्जालमा मजाकको विषय बनाइयो। विशेषगरी महिलाका भिडियोहरूमा पृष्ठ २ मा

### पीडामा रहेकालाई हियाउनेमाथि सरकार निर्मम हुन्छ : प्रधानमन्त्री



संवेदनशील घडीमा पीडामा रहेका मानिसहरुमाथि अनावश्यक टिप्पणी गर्ने, हियाउने र थप पीडा दिन खोज्नेहरू अपराधी हुन्। ती अपराधीहरूप्रति सरकार निर्मम हुनेछ।

**बालेन**, प्रधानमन्त्री

प्रधानमन्त्री वालेन्द्र शाहले बाढीपहिरोका कारण पीडामा परेका मानिसहरुलाई सामाजिक सञ्जालबाट अनावश्यक टिप्पणी गर्नेलाई कारबाहीमा ल्याउने बताएका छन्। पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# अकल्पनीय बाढीले वैदेशिक रोजगारी तथा मानव बेचबिखनको जोखिमको चिन्ता



**मध्यान्ह संवाददाता**
काठमाडौं, २० भदौ

वैदेशिक रोजगारीमा जाने श्रमिकका अधिकारका पक्षमा पैरवी गर्दै आएका सरोकारवालाहरूले रसुवाको भोटेकोशीमा आएको अकल्पनीय बाढीले वैदेशिक रोजगारी तथा मानव बेचबिखनको जोखिम बढाएको बताएका छन्।

वैदेशिक रोजगारीबाट फर्केका महिला श्रमिकहरूको संस्था पौरखी नेपालको शनिबार राजधानीमा आयोजित नवौं अधिवेशन तथा २४औं वार्षिक साधारणसभामा शुभकामना मन्तव्य राख्दै वैदेशिक रोजगार क्षेत्रका सरोकारवालाहरूले मानव बेचबिखनको जोखिम बढेकाले चनाखो हुनुपर्नेमा जोड दिए।

सार्क ट्रेड युनियन महासंघका अध्यक्ष लक्ष्मण बस्नेतले हालैको प्राकृतिक विपत्तिले वैदेशिक रोजगारीको प्रवृत्तिसँगै जोखिम पनि बढ्ने भन्दै सरकार र सरोकारवालाहरूले स्पष्ट दृष्टिकोण लिएर काम गर्नुपर्ने बताए। उनले विगतमा भूकम्प आउँदा आश्रय तथा अभिभावक गुमाएका बालबालिका तथा किशोरीलाई मानव तस्करहरूले विभिन्न बहाना बनाएर सीमापार पुऱ्याएकाले यस पटक पनि सोही प्रवृत्ति दोहोरिन सक्ने खतरा औंल्याए। सुरक्षित आप्रवासनका पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२१ भदौ २०८३ आइतबार
6 September 2026 Sunday

# बाढीपीडित ज्येष्ठ नागरिकलाई छिट्टै सुरक्षित बसोबासको व्यवस्था गर्छौं : प्रधानमन्त्री

**काठमाडौं/मस**–प्रधानमन्त्री बोलन शाहले भोटेकोशी बाढीबाट प्रभावित ज्येष्ठ नागरिकको अस्थायी बसाइलाई सकेसम्म छोटो बनाएर छिट्टै सुरक्षित बसोबासको व्यवस्था मिलाउने बताएका छन् ।

नुवाकोटको विदुर-१० बेत्रावतीमा शनिबार सशस्त्र प्रहरी बल, नेपाल र नेपाल प्रहरीको संयुक्त उद्धार टोलीले ६४ वर्षीया चन्द्रिका श्रेष्ठलाई जीवितै उद्धार गरेको घटनाले सिंगो देशलाई आशा दिएको प्रधानमन्त्री शाहले बताएका छन् । उक्त घटनाले खोज तथा उद्धारमा सरकार अझै डटेर लागिरहेको सन्देश दिएको उनले बताए ।




यसअघि पनि चन्द्रिका श्रेष्ठको उमेर समूह तथा त्यसभन्दा माथिका धेरै ज्येष्ठ नागरिकलाई बाढी प्रभावित क्षेत्रबाट उद्धार गरिएको उनले बताए । बाढीका बेला कतिपय ज्येष्ठ नागरिकले आफ्नो ज्यानको समेत परवाह नगरी काँपिरहेका हातले नातिनातिनालाई च्यापेर डाँडातिर भाग्दै ज्यान जोगाएको उनले उल्लेख गरे । लौरो नटेकी दुई पाइला सर्न नसक्ने गोडामा समेत सन्तान बचाउने असाधारण साहस आएको उनले बताए ।

बाढी आउनुअघिसम्म ज्येष्ठ नागरिकहरू आफ्नै घरआँगनमा बसेर नदी किनारको खेतबारीमा छोराछोरीले काम गरिरहेको हेर्ने, नातिनातिनालाई विद्यालय गएको हेर्ने तथा चौतारीमा बसेर छिमेकीसँग दुःख-सुख र अनुभव साट्ने गरेको स्मरण गर्दै अहिले न घरआँगन रहेको छ, न चौतारीमा बसेर दुःख-सुख साट्ने अवस्था रहेको उनले बताए । भोटेकोशीको विनाशकारी बाढीले एकैछिनमा धेरैको घर, खेतबारी, पशुपंक्षी र जायजेथा बगाएको उनले बताए । कतिपय ज्येष्ठ नागरिकले आफ्नै आँखाअगाडि छोराछोरी र नातिनातिना गुमाउनुपरेको तथा कतिपयले जीवनसाथी गुमाएर पूर्णतः एक्लो हुनुपरेको उनले बताए ।

सरकारले व्यवस्था गरेका अस्थायी शिविर तथा होल्डिङ सेन्टरमा राहत, स्वास्थ्य सेवा र जीवनयापनका आवश्यक सुविधा उपलब्ध गराइएको उनले बताए । नुवाकोटको देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठानको भवन बाढीबाट क्षतिग्रस्त भएपछि त्यहाँ रहेका सात जनालाई काठमाडौंको नेपाल सिनियर केयर म्हैपीमा र १७ जनालाई नुवाकोटको इनारपाटीस्थित कृष्णप्रणामी मन्दिरमा अल्पकालीन आश्रय दिइएको उनले बताए ।

ज्येष्ठ नागरिकलाई हिँड्डुलका लागि ह्वीलचियर तथा वाकर उपलब्ध गराइएको र मानसिक आघात तथा शारीरिक कष्ट कम गर्न विशेष टोलीमार्फत नियमित स्वास्थ्य परीक्षण तथा मनोसामाजिक परामर्श सेवा दिइरहेको उनले बताए ।

अस्थायी बसाइलाई सकेसम्म छोटो बनाएर सुरक्षित बसोबासको व्यवस्था गरिने बताउँदै प्रधानमन्त्री शाहले ज्येष्ठ नागरिकलाई आफूहरू एक्लो नठान्न आग्रह गरे । 'हजुरहरूसँग यो राज्य छ, यो सरकार छ' भन्दै जीवनको कठिन मोडमा सरकारले कहिल्यै अलपत्र नछाड्ने उनले बताए ।

बाढीले ज्येष्ठ नागरिकको ओत र जायजेथा बगाए पनि उनीहरूको स्वाभिमान, अनुभव र मार्गदर्शनलाई बगाउन नसकेको उनले बताए ।

## सकुशल...

विनाशकारी बाढी आएको हो । १० औं र ११औं दिनमा भएको जीवितै उद्धारले खुसीको सञ्चार गराएको छ । लगातारको खोजी तथा उद्धारका क्रममा चार जनालाई जीवितै निकालिएपछि सुरुङ तथा भग्नावशेषमा फसेका अन्य व्यक्तिको उद्धारको आशा पनि बढेको उद्धारमा संलग्न अधिकारीहरू बताउँछन् ।

दिन बित्दै जाँदा सुरुङमा फसेका व्यक्तिको अवस्थाप्रति चिन्ता बढिरहेको भए पनि पछिल्ला उद्धारले उनीहरू जीवितै भेटिन सक्ने आशा जगाएको हो ।

भोटेकोशी त्रिशूली बाढीबाट प्रभावित क्षेत्रमा रहेका जलविद्युत् आयोजनाहरूमा बाढी आउँदा ठूलो क्षति पुगेको थियो । तीमध्ये धेरै आयोजनामा बाढी आउँदा कामदारहरू सुरुङभित्र काम गरिरहेका थिए । आयोजनाका सुरुङहरूमा काम गरिरहेका कतिपय कामदार बाढीपछि सम्पर्कविहीन छन् । सुरुङको प्रवेशमार्ग तथा अन्य संरचनामा क्षति पुगेका कारण उद्धार टोलीलाई भित्रसम्म पुग्न कठिन भइरहेको छ ।

सुरक्षाकर्मी तथा प्राविधिक टोलीले सुरुङभित्र फसेका व्यक्तिको अवस्थाबारे जानकारी लिन तथा उनीहरूसम्म पुग्न निरन्तर प्रयास गरिरहेका छन् ।

तर सुरुङको संरचना, पानी, हिलो तथा भत्किएका संरचनाका कारण उद्धार कार्य चुनौतीपूर्ण बनेको छ । कतिपय स्थानमा उद्धारकर्ता प्रवेश गर्नसमेत सकेका छैनन् । यही बेला घरका भग्नावशेषमा पनि खोजी अगाडि बढेको हो । सुरुङमा मानिसहरू फसेको आशंकामा केन्द्रित हुँदै आएको खोजी अब बाढीले क्षति पुऱ्याएका घर तथा अन्य संरचनातर्फ पनि विस्तार भएको छ । शनिबार बेत्रावतीमा बाढीले क्षति पुऱ्याएको घरको संरचनाबाट चण्डिका श्रेष्ठको जीवितै उद्धार भएपछि बाढी प्रभावित क्षेत्रमा यस्तै अवस्थामा अन्य व्यक्ति पनि फसेका हुन सक्ने भनेर खोजी जारी छ ।

भोटेकोशी बाढीले रसुवा, नुवाकोट र धादिङसम्म ठूलो क्षति पुऱ्याएको छ । नदी किनारका धेरै घर तथा बस्ती बाढीले पुरिएका, भत्किएका र बगाएका छन् । कतिपय घर पूर्णरूपमा ढलेका छन् भने कतिपय घरका संरचना माटो, ढुंगा र अन्य भग्नावशेषले पुरिएका छन् । बाढी परेर हालसम्म फेला परेका शवको संख्या एक हजार ३४४ रहेको छ । हालसम्म उद्धार गरिएको संख्या १३ हजार ९८, सम्पर्कविहीनको संख्या ५ हजार, हालसम्म घाइते संख्या ५ हजार ६६३ रहेको छ । उद्धार कार्यमा २१ हजार ४०२ सुरक्षाकर्मी परिचालित रहेका छन् ।

## उत्तरतर्फ...

थिए । उनका अनुसार रसुवागढीको चिनियाँतर्फ सयौं कार्गो ट्रक रोकिएका छन् । उत्तरी आपूर्ति प्रणाली पूर्ण रूपमा नटुटोस् भनेर ती सामानलाई तातोपानी र कोरला नाकाबाट डाइभर्ट गर्न चिनियाँ अधिकारीसँग अनुमति मागिएको छ । मन्त्री खनालका अनुसार सरकारको चासो केवल रसुवागढीबाट रोकिएका सामान नेपाल ल्याउनेमा मात्र सीमित छैन । उनले भनेका छन्, 'रसुवागढी बन्द भएपछि चीनसँगको व्यापार र पर्यटक आवागमनमा परेको असरलाई कम गर्न वैकल्पिक सीमा नाकाको प्रयोगबारे चीनसँग निरन्तर संवाद भइरहेको छ ।'

यसले अहिलेको अवस्थामा कोरला नाका तत्कालको महत्त्वपूर्ण विकल्प बनेको देखाउँछ । रसुवागढी बन्द भएपछि चीनबाट नेपाल आउने कतिपय मालवाहक सवारीलाई कोरला हुँदै ल्याउने प्रयास भइरहेको छ । तर, कोरला नाकाको भौगोलिक अवस्थाले भने दीर्घकालीन व्यापारिक विकल्पका रूपमा प्रश्न उठाएको छ ।

कोरला समुद्री सतहबाट करिब ४ हजार ६ सय मिटरभन्दा माथिको उचाइमा रहेको उच्च हिमाली नाका हो । हिउँदमा हुने हिमपात, चिसो मौसम र सडकको अवस्था यसको नियमित सञ्चालनका चुनौती हुन् । त्यसैले रसुवागढीको ठाउँ तत्कालै कोरलाले लिन सक्ने अवस्था छैन ।

व्यापारको परिमाणका हिसाबले पनि फरक ठूलो छ । रसुवागढी केरुङ नाका पछिल्ला वर्षमा नेपाल चीनबीचको स्थल व्यापारको प्रमुख प्रवेशद्वार बनेको थियो । २०७२ सालको भूकम्पपछि तातोपानी नाका लामो समय प्रभावित भएपछि चीनसँगको व्यापारिक कारोबार क्रमशः रसुवागढीतर्फ केन्द्रित भएको थियो । त्यसैले रसुवागढीमा आएको क्षति एउटा सीमा नाका बन्द भएको घटना मात्र नभएर नेपालको उत्तरी आपूर्ति प्रणालीमा परेको गम्भीर धक्का हो ।

सरकारले भने अहिले दुई तहमा काम अघि बढाइरहेको छ । पहिलो, चीनतर्फ रोकिएका नेपाली तथा चिनियाँ मालवाहक कन्टेनरलाई सम्भव भएसम्म वैकल्पिक नाकाबाट नेपाल भित्र्याउने र दोस्रो, रसुवागढी पुनः सञ्चालनका लागि आवश्यक समन्वय र पुनर्निर्माणको काम अघि बढाउने । परराष्ट्र मन्त्रालयले बाढीपछि चीनसँग निरन्तर सम्पर्कमा रहेर प्रभावित नेपाली तथा विदेशी नागरिकको उद्धार, सीमा क्षेत्रको अवस्थाबारे सूचना आदानप्रदान र आवागमन सहज बनाउने विषयमा काम गरिरहेको छ । मन्त्रालयले भदौ ११ गते विदेशी नागरिकका लागि उद्धार तथा समन्वय गर्न आपत्कालीन संयन्त्रसमेत गठन गरेको थियो ।

मन्त्री खनालका अनुसार सीमा क्षेत्रको संवेदनशीलता र चीनको आफ्नै सीमा व्यवस्थाका कारण वैकल्पिक नाकाबाट मानिस तथा सामान आवतजावत गराउन छुट्टै समन्वय आवश्यक पर्छ । यही कारण सरकारले चिनियाँ अधिकारीसँग अनुमति र व्यवस्थापनबारे छलफल गरिरहेको हो ।

रसुवागढी बन्द भएको अवस्थामा तातोपानी र कोरला दुवैलाई उपयोग गर्ने सरकारको प्रयासले भने एउटा दीर्घकालीन बहससमेत सुरु गराएको छ । नेपालले चीनसँगको व्यापारका लागि एउटै मुख्य नाकामा निर्भर रहने कि वैकल्पिक नाकालाई पनि समान रूपमा विकसित गर्ने भनेर छलफल चलिराखेको छ ।

रसुवागढीमा विपद् आउँदा नेपालको चीनसँगको व्यापारिक आपूर्ति प्रणाली नै प्रभावित हुने अवस्था देखिएपछि उत्तरी नाकाको विविधीकरण आवश्यक देखिएको हो । कोरला, तातोपानीलगायत नाकालाई पूर्वाधार, सडक, भन्सार तथा सुरक्षा व्यवस्थासहित व्यवस्थित रूपमा सञ्चालनमा ल्याउन सके भविष्यमा एउटै नाका बन्द हुँदा सम्पूर्ण व्यापार ठप्प हुने जोखिम घटाउन सकिन्छ ।

तर, त्यसका लागि चीनको सहमति र सहकार्य अनिवार्य छ । सीमा नाका सञ्चालन, व्यापारिक मार्ग परिवर्तन तथा चिनियाँ भूभागमा रोकिएका कन्टेनरको रुट परिवर्तनजस्ता विषय दुई देशबीचको समन्वयबाट मात्रै सम्भव हुन्छ ।

## विपदमा...

अहिले फेरी जुर्मुराएको छ । उपचारका क्रममा सिंगापुर रहेका पूर्वसभापति शेरबहादुर देउवा स्वदेश फर्किएपछि सो समुहले समानान्तर गतिविधिलाई थप शसक्त बनाएको छ । देश बाढीको पिडामा भएकोबेला देउवापक्ष आफ्नो पिडाभित्र रूमल्लीएर आफ्नो समुहका नेता कार्यकर्तालाई एकढिक्का बनाउने अभियानमा जुटेको हो ।

यसले कांग्रेसभित्र आन्तरिक कलह थप चुलिदै गएको छ । पार्टीको संस्थापन पक्षले आगामी असोजको तेस्रो हप्ताका लागि १५ औं महाधिवेशनको कार्यातालिका ल्याएर आवश्यक तयारीमा जुटेको छ । असोज १६ देखि १९ गतेसम्म महाधिवेशन गर्ने कार्यतालिका ल्याएको संस्थापन पक्षले पार्टीका सबै नेताहरूलाई एकतावद्ध बनाएर महाधिवेशनमा लैजाने दाबी गर्दै आएको छ । पार्टीका महामन्त्री प्रदीप पौडेलले समयमै महाधिवेशन हुने र १५औं महाधिवेशनमा सबै नेताहरू समेटेर लाने पार्टी नेतृत्वको निरन्तर प्रयास भइरहेको बताए । उनले भने, 'कांग्रेसको बैधानिकता मंसिर भित्रै सकिन्छ, त्यसअनुसार हामीले असोजमा महाधिवेशनको मिती घोषणा गरेर तयारीमा लागेका छौं । अहिलेको नेतृत्वले सबै नेताहरू समेटेरै महाधिवेशनमा जान विभिन्न कोणबाट छलफल जारी राखेको छ ।' तर विधि र विधान भित्र रहेर पार्टी सञ्चालन गर्नुपर्ने दायित्व रहेकाले सबै साथिहरूले पार्टीको विधिविधानको मर्मलाई बुझ्नुपर्ने उनको भनाई छ ।

कार्यतालिका अनुसार नेपाली जनसम्पर्क समितिका अधिवेशन भदौ मसान्तभित्र, गाउँ-नगर अधिवेशन भदौ २७ गते पालिका अधिवेशन, भदौ ३१ गते प्रदेशसभा क्षेत्रीय अधिवेशनको मिति तोकिएको छ । यस्तै असोज ३ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र निर्वाचन क्षेत्र रहेका जिल्लाको जिल्ला अधिवेशन तय गरिएको छ । यस्तै, असोज ७ गते जिल्ला अधिवेशन, असोज १९ गते प्रदेश अधिवेशन र असोज १६, १७, १८ र १९ गते केन्द्रीय महाधिवेशनको कार्यतालिका तोकेको छ ।

भदौ १० मा भोटेकोशीमा गएको विनासकारी बाढीको प्रभावले वडा, पालिका र जिल्लाको अधिवेशन तालिका प्रभावित हुनसक्ने कांग्रेसका नेताहरूले बताएका छन् । तर पार्टीको महाधिवेश तोकिएकै समयमा हुनेमा उनिहरू ढुक्क छन् । केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव राजु कटवालले सबै तहको अधिवेशन र महाधिवेशनका लागि तयारी पूरा भइसकेको बताए । 'पार्टीले थप निर्णयन नगरी अधिवेशनका लागि अघि बढ्न भन्ने वित्तिकै अधिवेशन हुन्छ, हामी पूर्णरूपमा तयारी भइसकेका छौं ।'

देउवा समुहले आफ्नो शक्ति बढाउन सबै तहका नेता कार्यकर्तालाई परिचालन गर्न खोजेपनि पार्टीको मुल झण्डामुनी रहने भन्दै अधिकांशले सदस्यता अध्यावधिक र नवीकरण गरिसकेका छन् । देउवा समुहले सदस्याता अध्यावधिक नगर्न भनेको थियो । सो समुहका नेताहरू र केही कार्यकर्ताबाहेक करिव ७ लाख सदस्यले आफ्नो क्रियाशील सदस्यता नवीकरण र अध्यावधिक गरेको कांग्रेसले जनाएको छ । विशेष महाधिवेशनका सन्दर्भमा अदालतको निर्णय चित्त नबुझेको भन्दै देउवा समुहले पुनःपरीक्षणका लागि सर्वोच्च अदालतबाट निस्सा ल्याएको छ ।

सोही निस्सालाई देखाएर संस्थापन पक्षले तय गरेको महाधिवेशनका कार्यक्रम रोक्न माग गर्दै नेताहरू अदालत गएका थिए । सर्वोच्चले महाधिवेशनका कार्यक्रम रोक्न स्टेअर्डर नदिएपछि विलख बन्धनमा परेका छन् । यसलाई राजनीतिक मुद्धाकारूपमा लिएर देउवा पक्षले छुट्टै महाधिवेशनको तालिका ल्याएको दाबी गरेको छ । बुधबार सम्पर्क कार्यालय चुनदेवीमा बसेको इतर पक्षको बैठकले १५औं केन्द्रीय महाधिवेशन आगामी मंसिरमा गर्ने गरी कार्यतालिका प्रस्ताव गरेको हो ।

पूर्व महामन्त्री डा. शशांक कोइरालाको संयोजकत्वमा रहेको १५औं केन्द्रीय महाधिवेशन तयारी समितिको दोस्रो बैठकले विभिन्न तहका अधिवेशनसहित केन्द्रीय महाधिवेशनको मिति तोकेको नेता एनपी साउदले बताए । कार्यतालिका अनुसार मंसिर २१, २२ र २३ गते काठमाडौंमा गर्ने प्रस्ताव गरिएको छ । वडा अधिवेशन, असोज १५ गते, पालिका अधिवेशन, असोज २० गते, प्रदेश सभा निर्वाचन क्षेत्र एवं प्रतिनिधि सभा निर्वाचन क्षेत्र अधिवेशन, असोज २३ गते गर्ने गर्ने कार्यतालिका ल्याएको छ । त्यस्तै जिल्ला अधिवेशन कात्तिक १५ गते, प्रदेश अधिवेशन, मंसिर ४ गते गर्ने इतर समुहलेको तयारी छ ।

चुनदेवी बैठकले महाधिवेशन तयारी समितिका संयोजक डा.शाशंक कोइरालालाई महाधिवेशन गर्नका लागि केन्द्रीय निर्वाचन समिति, क्रियाशील सदस्य छानबिन तथा व्यवस्थापन समिति, विधान संशोधन समिति, अनुशासन समितिहरू आवश्यक परामर्श गरी गठन गर्ने जिम्मेवारी समेत प्रदान गरेको नेता साउदले बताए ।

नेपाल विद्यार्थी संघ, नेपाल तरुण दल, नेपाल दलित संघ, आदिवासी जनजाति महासंघ, नेपाल सांस्कृतिक महासङ्घ लगायत भ्रातृ तथा शुभेच्छुक संघ/संस्थाहरूको तदर्थ समितिहरू आवश्यक परामर्श गरी गठन गर्ने जिम्मेवारी पनि कोइरालालाई दिइएको छ ।

जिल्ला/प्रतिनिधिसभा निर्वाचन क्षेत्र/प्रदेश सभा निर्वाचन क्षेत्र/पालिका र वडा अधिवेशन तयारी समिति गठन गर्नका लागि सम्बन्धित प्रदेशको केन्द्रीय सदस्यहरूको सिफारिसमा ७७ वटै जिल्लामा सचिवालयले केन्द्रीय प्रतिनिधिहरू पठाउने निर्णय गरेको नेता साउदले मध्यान्हलाई बताए । 'संस्थापन पक्षले सहमति गर्न नचाहेपछि छुट्टै महाधिवेशनको प्रक्रिया अघि बढाइएको हो,' नेता साउदले भने, 'गगनजीहरूले घोषणा गरेको महाधिवेशन कार्यतालिका रोकेर सहमतिमा बिचको बाटो खोजौं भनेका थियौं । नमानेपछि हामी चुप लागेर बस्ने कुरा भएन । सबै नेताहरूको सल्लाहबजोजिम महाधिवेशनको कार्यतालिका ल्याएका हौं ।'

## बाढीले...

उसको चरित्रसँग जोडेर टीकाटिप्पणी गरिँदै आएको छ । बाढीले घर, परिवार, सम्पत्ति र आफन्त गुमाएका नागरिकका लागि यस्तो समय निकै पीडादायी हुन्छ । आफ्नो परिवार कहाँ छन्, जीवित छन् कि छैनन् भन्ने कुराले मानसिक रूपमा उनीहरूलाई कमजोर बनाइरहेको हुन्छ । अहिले सामाजिक सञ्जालमा राज्यसँग आफ्ना आफन्त खोजिदिन आग्रह गरेका थुप्रै भिडियोहरू देख्न सकिन्छ । यस्ता प्रतिक्रियाले सामाजिक सञ्जालमा मानवीय संवेदनामाथि प्रश्न उठाएको अधिकारकर्मी तथा सामाजिक मुद्दामा चासो राख्नेहरूको भनाइ छ । सार्वजनिक भएको एउटा भिडियोमा एक महिलाले राज्यसँग आफ्ना श्रीमानको खोजी गरिदिन आग्रह गरेको देखिन्छ । 'ए सरकार मेरो श्रीमान् किन खोज्दिनस्', 'विदेशी आउँछु भनेको थियो किन आउन दिइनस्', 'मलाइ मेरो श्रीमान् चाहियो' भनेर उनी रोइरहेकी छन् । उनले सानो बच्चा काखी च्यापेकी छन् । 'मैले यो बच्चालाई कसरी हुर्काउने, न मेरो मान्छे छन् साथमा, म बिहान १० बजेदेखि बच्चा बोकेर यहाँ आएकी छु' भन्दै उनले गरेको चित्कारलाई केही सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले खुलेर विरोध गरेका छन् ।

उनले सरकारलाई गरेको प्रश्नलाई धेरैले सरकारको विरोध गरेको भनेर बुझिरहेको देखिन्छ । केही सामाजिक सञ्जाल प्रयोगकर्ताले सरकारलाई दोष नदिन आग्रह गरेका छन् । केहीले वर्तमान सरकार, विगतका सरकार वा राजनीतिक नेतृत्वलाई जोडेर व्यंग्यात्मक प्रतिक्रिया दिएका छन् । पीडित महिलाको पीडालाई नै उपहास गर्ने, उनको भावनालाई खिल्ली उडाउने र व्यक्तिगतरूपमै अपमानजनक भाषा प्रयोग गर्ने प्रयाससमेत भएको देखिन्छ ।

ति महिलाले आफ्नो श्रीमान् रसुवाको टिमुरेबाट काठमाडौं आउँदै गर्दा बाढीमा परि बेपत्ता भएको बताएकी छन् । उनले बिलौला गर्दै - मेरो बाउआमा छैनन्, श्रीमान् पनि भेटिएका छैनन्, मेरो घर पनि छैन, मलाइ मेरो श्रीमानको सास लास जे भए पनि चाहियो भनेकी छन् ।

सामाजिक सञ्जालमा आएका केही प्रतिक्रियाहरू भने निकै आपत्तिजनक र असंवेदनशील देखिन्छन् । पीडित महिलाको आग्रहमा प्रतिक्रिया दिँदै प्रयोगकर्ताहरूले लेखेका छन्, 'तेरो बा केपीले के गरेको हो र यो सरकारलाई दोष', 'बुढो सरकारले बेपत्ता बनाएको हैन होला दिदी, विपद्ले कता लग्यो लग्यो खोजतलास गर्नेले गरिरहेका छन्..', 'त कुकुर्नी मरेको मान्छेलाई कहाँबाट निकालिदिने होला, कति मुर्ख कुरा गरेको सरकारले मार्दिएको जस्तो '...। 'तेरो बुढा मात्र छ दुनियाँमा ' ? भनेर गरेको अश्लील टिप्पणीले पीडितलाई मानसिक रूपमा झन् पिडा दिने भन्दै यस्ता शब्द प्रयोग नगर्न एकथरीले आग्रह गरिरहेका छन् ।

बाढी आएको तीनसम्म पनि आफ्नो आफ्नो श्रीमानको उद्धार नभएको भन्दै अर्की एक महिलाले सरकारको ढिलासुस्तीप्रति औंला उठाएकी थिइन् । आफ्नो श्रीमान् जलविद्युत आयोजनामा काम गर्ने र बाढीको कारण टनेलमा थुनिएको हुन सक्ने उनको आशंका थियो । उनले सरकारले छिटो खोजीकार्य सुरु गरे आफ्नो श्रीमान् बचाउन सकिने भन्दै उनले गरेको आग्रहलाई धेरैले सरकारको नै विरोध गरेको ठाने । उनको भिडियोमा आएको प्रतिक्रिया पनि त्यस्तै अश्लील र पचाउन नसकिने किसिमका छन् । 'तँ त मान्छे पनि कालो, मन पनि कालो रहेछ', 'आफैं खोज्न जा न', 'तेरोमात्र लोग्ने बाढीमा परेको छ ?', 'सरकारले बाढी ल्याएको हो र ?' जस्ता कमेन्टले हाम्रो मानवताप्रतिको सोचाई कति तल्लो स्तरको रहेछ भन्ने देखाउँछ ।

रसुवा नाकाबाट वेपत्ता भएका आफ्ना चालक श्रीमानको खोजीका लागी अर्की महिलाले गरेको पुकारलाई पनि सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले त्यसैगरी नै गाली गरेका छन् । 'लोग्ने हराएको मान्छेले ओठमा लिपिस्टिक लगाएर आइछे', 'लोग्ने हराएको खुसी होकी, दुख हो, मुखमा मेकअप त टन्नै छ', जस्ता कमेन्ट गरेका छन् ।

मेरो श्रीमान् पनि भेटिएका छैनन्, मैले राहत पनि केही पाएको छैन भन्दै रुँदै गरेको अर्की एक महिलाको भिडियोमा आएको कमेन्ट पनि हेरिनसक्नु जस्तै छ । 'अस्ति रत्नपार्कमा १०० -१०० भन्दै थि आज यता भुक्न आइपुगिछ', 'गुहु खाएर बोलिस्, लुट्ने दिन सकियो भनेर' यीभन्दा पनि सुन्न र पढ्न नसकिने कमेन्ट उनको भिडियोमा आएको छ ।

केही समयअघि सरकारको नेतृत्व गरिरहेको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले सिन्धुलीमा पुगेर सिडियो र प्रहरी अधिकृतलाई घिसार्ने धम्की दिए । हिरासतमा मृत्यु भएका कृष्ण विकको न्यायका लागि सिन्धुली पुगेका उनले दिएको यो अभिव्यक्तिलाई धेरैले विरोध गरे । तर सभापति रवि लामिछानेले सुनारको बचाउ गर्दै पीडाको स्वर मधुरो हुँदैन भन्ने जवाफ दिएका थिए । पीडा परेको बेला निस्किने आवाजमा पनि पीडा र आक्रोश हुने उनको अभिव्यक्ति थियो ।

तर उनकै दलको सरकारमाथि जनताले गरेको प्रश्नमा भने सरकार समर्थक सामाजिक सञ्जाल प्रयोगकर्ताले बेस्सरी गाली गरिरहेका छन् । सरकारलाई प्रश्न गरेकै आधारमा उनीहरूलाई पुरानो दलसँग जोडेर हेर्ने र झोलेको संज्ञा दिने क्रम बढेको छ । प्रश्न गर्नु भनेको सरकार विरोध गर्नु नभएको सरोकारवालाहरू बताउँछन् ।

बाढीपीडितले यतिबेला सर्वस्व गुमाएका छन् । यस्तो अवस्थामा उनीहरूको स्वर चर्को हुनु र प्रश्न कडा हुनु स्वाभाविक रहेको रास्वपाकी सांसद रन्जु दर्शना बताउँछिन् ।

'काखमा बच्चा च्यापेर आफ्नो श्रीमानको खोजी गरिदिन सरकारलाई बिलौना गरिरहनुभएको दिदीको भिडियो हेरेँ' उनी भन्छिन्, 'तर मलाई त्यो भिडियोमा आएको कमेन्टले नराम्रो लाग्यो, ति दिदीको जीवनमा प्रलय गएको छ, भोलिको अनिश्चितताले मन काँपेको छ । यस्तो बेला सरकारलाई गरेको प्रश्नलाई स्वाभाविक लिनुपर्छ ।' पीडितको पीडालाई खिसिट्यूरी गर्ने अधिकार कसैलाई नभएको उनको भनाइ थियो ।

'उहाँले सरकारलाई गाली पनि गरिरहनुभएको छ, मलाई पनि राम्रो लागेन तर त्यो गालीभन्दा माथि आफ्नो मान्छे फर्केर आउँनुहुन्छ भन्ने आशा छ । जीवनमा अकल्पनीय र अन्याय केही भयो भने भगवानसककंग त हामी रिसाउँछौं, झोकिन्छौं । यसरी कसैको पिडामाथि अशोभनीय टिप्पणी गर्नुहुँदैन', उनले भनिन् ।

सामाजिक सञ्जालममा आएका महिलालक्षित तल्लो स्तरका प्रतिक्रियाहरूलाई महिलाअधिकारकर्मी, अभिनेत्री, अभियन्तालगायत सामाजिक मुद्दामा चासो राख्ने धेरै जनाले आवाज उठाएका छन् । महिलाहरूको भिडियोमा आएका प्रतिक्रियाहरूको स्क्रिनसट सेयर गर्दै धेरै जनाले यसको विरोध गरेका छन् । स्क्रिनसट सेयर गर्दै अभिनेत्री पूजा शर्माले 'यस्तो समाज आउला भनेर सोचिएको पनि थिएन !' भन्दै दुख व्यक्त गरेकी छन् । त्यस्तै अर्की अभिनेत्री सुरक्षा पन्तले 'कुनै अर्को सेना बल आवश्यक छ भने यही अराजकतालाई अधिनमा राख्ने मात्र अब, यो हद पार हो' भनेर लेखेकी छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका (राप्रपा) का सांसद ज्ञानेन्द्र शाहीले पनि महिलाको चरित्रमाथि गरिएको प्रश्नको विरोध गरेका छन् । पीडित महिलाले मेरो श्रीमान खोजिदेउ भनेर राज्यसँग गुहार माग्दा सामाजिक सञ्जालबाट आक्रमण गर्नु गलत भएको उनको धारणा थियो ।

'विपद्मा श्रीमान् बेपत्ता भएपछि एउटी महिलाले राज्यसँग 'मेरो श्रीमान् खोजिदिनुस्' भनेर गरेको आग्रहमाथि सामाजिक सञ्जालमा गरिएको अशोभनीय टिप्पणी व्यक्तिमाथिको गाली होइन, यो हाम्रो सामाजिक चेतना र मानवीय संवेदनामाथिकै प्रश्न हो' उनले भनेका छन् ।

'हिजो केपी ओलीलाई 'आई लभ यु केपी बा' भन्दै देवत्वकरण गर्ने भीड होस् वा आज पीडित महिलाको आँसुमा समेत राजनीति खोज्ने जमात–चरित्र उस्तै देखिन्छ' उनी भन्छन्, 'व्यक्ति फेरिए पनि संस्कार फेरिएको छैन, श्रीमान् खोजिदिनुस् भनेर रोइरहेकी महिलालाई गाली गरेर कुनै सरकार बलियो हुँदैन ।'

'हिजोको रावणले सीताको हरण गऱ्यो, तर उनको चीर हरण गरेन । आजका दुर्योधन-दुःशासनका चेलाचपेटाहरू भने श्रीमान् गुमाएकी एक महिलाको पीडामाथिसमेत शब्दको चीरहरण गर्न उद्यत छन्', उनले भने ।

नेत्री उषाकिरण तिम्सेनाले सुरुङमा श्रीमान् फसेपछि एउटी महिलाले व्यक्त गरेको पीडामाथी आएको प्रतिक्रिया निकै लज्जाष्पद भएको टिप्पणी गरिन् । 'जे हो, त्यही लेख्न र बोल्न पनि डर लाग्ने अवस्था बनेको छ', उनले प्रश्न गरिन् - हामी कस्तो समाजतर्फ जाँदैछौं ?'सायद जे देखिरहेका छौं, त्यसलाई त्यही रूपमा लेख्न र बोल्न हामी डराइरहेका छौँ । तर समाजलाई चाहिने कुरा मौनता होइन, विवेकसहितको असहमति र मानवीय संवेदना हो', उनले भनिन् । नेपालको संविधानअनुसार महिलाको चरित्रहत्या गर्नु कानुनी अपराध हो । तर यहाँ महिलाको चरित्रका साथै राज्यबाट नागरिकले गर्ने अपेक्षाको विषय पनि जोडिएको छ । विपद्को समयमा आफन्त बेपत्ता भएपछि राज्यसँग खोजी र उद्धारका लागि गुहार माग्नु नागरिकको स्वाभाविक अधिकार हो । पीडितले आफ्नो दुःख, आक्रोश र असन्तुष्टि व्यक्त गरेकै आधारमा उनीमाथि सामाजिक सञ्जालबाट चरित्रमाथि प्रहार गर्नु वा अपमानजनक टिप्पणी गर्नु उचित नहुने सरोकारवालाहरू बताउँछन् । विपद्मा सर्वस्व गुमाएका नागरिकका प्रश्नलाई राजनीतिक आग्रह-पूर्वाग्रहभन्दा माथि राखेर सुन्नु र पीडितको आवाजलाई सम्मानपूर्वक सम्बोधन गर्नु राज्य तथा समाज दुवैको दायित्व हो ।

## पीडामा...

उनले सामाजिक सञ्जालमा लेखेका छन्- 'आफन्त हराएर अथाह पीडामा रहेका नागरिकहरूको आक्रोश स्वाभाविक हो ।' उनका अनुसार सामाजिक सञ्जाल एकै क्षणमा आफ्नो संसार गुमाएकाहरूको आक्रोश, आक्रोशभन्दा बढी पीडा व्यक्त गर्ने माध्यम हो ।

'हामीले उहाँहरूको आक्रोशलाई संयमतापूर्वक सुन्नुपर्छ ।' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'यस संवेदनशील घडीमा पीडामा रहेका मानिसहरुमाथि अनावश्यक टिप्पणी गर्ने, हियाउने र थप पीडा दिन खोज्नेहरू अपराधी हुन् । ती अपराधीहरूप्रति सरकार निर्मम हुनेछ ।'

## अकल्पनीय...

लागि राष्ट्रिय सञ्जालका अध्यक्ष कृष्ण न्यौपानेले ऐन-कानुनमा सुधार नभएसम्म वैदेशिक रोजगारीमा सुधार ल्याउन नसकिने भन्दै प्राकृतिक विपत्तिले निम्त्याउने जोखिमयुक्त वैदेशिक रोजगारीका चुनौती सामना गर्न पनि गैरसरकारी क्षेत्रले भूमिका खेल्नुपर्ने बताए ।

संस्थापक अध्यक्ष मञ्जु गुरुङले श्रम आप्रवासनको सम्पूर्ण चक्रमा आप्रवासी श्रमिकहरूको कानुनी तथा व्यावहारिक अधिकार सुनिश्चित गर्न पौरखी नेपालले जिल्ला तथा समुदायस्तरमा उनीहरूलाई लक्षित गरी सुरक्षित आप्रवासन, सशक्तीकरण, क्षमता अभिवृद्धि, वैकल्पिक जीविकोपार्जन तथा पुनःएकीकरण, नीति वकालत तथा पैरवीलगायतका विभिन्न कार्यक्रमहरू गरिरहेको बताइन् । उनले प्रविधिमा आएको विकासले गलत सूचनाका कारण जोखिम बढाई आधुनिक दासत्वको अवस्था सिर्जना भएकाले वैदेशिक रोजगार क्षेत्र थप सचेत हुनुपर्नेमा जोड दिइन् ।

पौरखी नेपालले रिटर्नी श्रमिकका मुख्य ६ क्षेत्रमा केन्द्रित रहेर काम गर्ने बताएको छ । पौरखी नेपाल वैदेशिक रोजगारीमा गई स्वदेश फर्किएका महिला श्रमिकहरू संगठित भई श्रमिकहरूको अधिकार सुनिश्चित गर्ने उद्देश्यले सन् २००३ मा स्थापना भएको हो ।

संस्थाकी महासचिव सिन्धु अर्यालले वार्षिक प्रतिवेदन पेस गर्दै नैतिक भर्ना तथा रोजगारदाताले लागत व्यहोर्ने सिद्धान्त र शून्य-शुल्क भर्ना प्रणालीका लागि वकालतलाई थप सुदृढ गर्ने, घरेलु तथा स्याहार कार्यलाई मर्यादित श्रमका रूपमा मान्यता दिलाउन पहल गर्दै लैंगिक उत्तरदायी आप्रवासन शासन प्रवर्धन गरी वैदेशिक रोजगारीबाट फर्केका, विशेषगरी महिला आप्रवासी श्रमिकहरूका लागि दिगो पुनःएकीकरण तथा जीविकोपार्जनका कार्यक्रमहरू विस्तार गर्ने विषयमा काम गर्ने बताइन् ।संस्थाले नीति निर्माण तथा सेवा प्रवाहमा स्थानीय सरकारको भूमिका सुदृढ गर्न स्थानीय सरकारसँगको संलग्नता र सहकार्यलाई थप गहिरो बनाउने बताएको छ । राष्ट्रिय, क्षेत्रीय तथा विश्वव्यापी स्तरमा ग्लोबल कम्प्याक्ट फर माइग्रेसन, ग्लोबल फोरम अन माइग्रेसन एन्ड डेभलपमेन्ट तथा सम्बन्धित प्रक्रियामार्फत प्रमाणमा आधारित नीति वकालतलाई निरन्तरता दिने पनि संस्थाले जनाएको छ । साथै संस्थाले सरकारी निकाय, विकास साझेदार, आप्रवासी-नेतृत्वका संस्था तथा नागरिक समाजका सञ्जालहरूसँगको साझेदारी र सहकार्यलाई थप सुदृढ गर्ने पनि बताएको छ ।

कोषाध्यक्ष राजु गुरुङले गत आर्थिक वर्षको ८८ लाख २२ हजार बढीको आय-व्यय पेस गर्दै आर्थिक स्रोत जुटाउन संघर्षरत रहेको बताइन् । उनले २१ जिल्लामा काम गरिरहेको जानकारी दिइन् । कार्यक्रममा वरिष्ठ सञ्चारकर्मी कुमार यात्रुलाई उनको सञ्चारकर्म र आप्रवासन क्षेत्रमा गरेको योगदानको कदर गर्दै सम्मान गरिएको छ । सम्मानित व्यक्तित्व यात्रुले श्रमिकको अधिकारका विषयमा सञ्चार क्षेत्रले भूमिका खेल्नुपर्ने बताए ।

पौरखी नेपालकी अध्यक्ष सत्रकुमारी गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रममा काठमाडौं महानगरपालिका वडा नं. ४ का सदस्य नवीन मैनाली, काठमाडौं महानगरपालिका सामाजिक विकास विभागकी भवानी कपालीलगायतले पौरखी नेपाललाई आफ्नो उद्देश्यमा थप प्रतिबद्ध रहेर काम गर्न सफलताको शुभकामना दिए ।

# कृष्णभीरमा अस्थायी ट्र्याक जोडियो

## यातायात सञ्चालनका लागि अझै समय लाग्ने

**काठमाडौं/मस–** पृथ्वी राजमार्गअन्तर्गत मुग्लिङ-मलेखु सडकखण्डको कृष्णभीरमा पहिरोका कारण अवरुद्ध सडक खुलाउने प्रयास भइरहेको छ ।



सडक विभागका अनुसार शनिबारसम्म पहिरो प्रभावित क्षेत्रको भित्री भागबाट नयाँ ट्र्याक निर्माण गर्ने कार्यअन्तर्गत दुवैतर्फबाट खनिएको ट्र्याक जोडिएको छ।

त्रिशूली नदीमा आएको बाढी तथा पहिरोका कारण सडक कटान भएर राजमार्ग अवरुद्ध भएपछि वैकल्पिक रूपमा भित्ता काटेर नयाँ ट्र्याक निर्माण गर्ने काम सुरु गरिएको थियो। पहिरो प्रभावित क्षेत्रको दुवैतर्फबाट एकैसाथ खन्ने कार्यलाई तीव्रता दिइएको थियो । हालसम्म दुवैतर्फ गरी कुल २५२ मिटर ट्र्याक खन्ने काम सम्पन्न भएपछि अस्थायी रूपमा दुवैतर्फको ट्र्याक जोडिएको सडक विभागले जनाएको छ ।

यद्यपि अहिले जोडिएको ट्र्याक प्रारम्भिक अवस्थामा मात्रै रहेको छ। उक्त ट्र्याकमा हाल एक्स्काभेटरलगायत निर्माण कार्यमा प्रयोग भइरहेका मेसिनहरू मात्र आवतजावत गर्न सक्ने अवस्था रहेको छ। सर्वसाधारणका सवारीसाधन सञ्चालन गर्न मिल्ने गरी ट्र्याकलाई व्यवस्थित तथा सुरक्षित बनाउन अझै केही काम गर्नुपर्ने भएकाले पूर्ण रूपमा यातायात सञ्चालनमा आउन केही समय लाग्ने देखिएको छ ।

कृष्णभीरमा शुक्रबारदेखि भित्ता काटेर वैकल्पिक ट्र्याक खोल्ने काम सुरु गरिएको थियो । निर्माण व्यवसायीहरूले नेपाल जियोटेक सोसाइटीका प्राविधिक, सडक विभागका प्रतिनिधि तथा सम्बन्धित विज्ञहरूको रोहवरमा सडक खन्ने काम अघि बढाएका हुन्। शुक्रबारदेखि नै निर्माण उपकरण तथा जनशक्ति परिचालन गरेर कामलाई तीव्रता दिइएको थियो ।

निर्माण व्यवसायी महासंघका उपाध्यक्ष शहदेव खड्काले शुक्रबार राति कृष्णभीरमा मुग्लिङतर्फ करिब १५० मिटर स्काभेटर गुड्न सक्ने गरी ट्र्याक खोलिसकिएको जानकारी दिए। उनका अनुसार मलेखुतर्फ पनि झन्डै १०० मिटर ट्र्याक खोलिएको थियो भने बाँकी करिब ५० मिटर ट्र्याक शनिबारबाट खोल्ने तयारी गरिएको थियो। उपाध्यक्ष खड्काले सडक खुलाउने काममा प्राविधिक, अपरेटर, इन्जिनियर तथा कर्मचारीहरू रातदिन खटिरहेको बताए। उनका अनुसार रातिको समयमा समेत प्राविधिक, अपरेटर, इन्जिनियर र कर्मचारीहरू परिचालन गरिएको छ ।

गत भदौ १० गतेदेखि र त्यसपछि निरन्तर आएको त्रिशूली नदीको बाढीका कारण कृष्णभीर, परेवाभीरलगायत पृथ्वी राजमार्गका विभिन्न स्थानमा सडक कटान भएर बगाएको थियो । बाढी तथा पहिरोले सडक संरचनामा ठुलो क्षति पुऱ्याएपछि पृथ्वी राजमार्गअन्तर्गतको उक्त खण्ड लामो समयदेखि अवरुद्ध छ । राजमार्ग अवरुद्ध हुँदा पश्चिमी क्षेत्रबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधन तथा यात्रुले ठूलो सास्ती खेपिरहेका छन् । सडक बन्द हुँदा दैनिक आवतजावतमा समस्या हुनुका साथै खाद्यान्न, निर्माण सामग्री तथा अन्य अत्यावश्यक वस्तु काठमाडौंलगायत विभिन्न क्षेत्रमा ढुवानी गर्नसमेत कठिनाइ भइरहेको छ।

# लोककल्याणकारी विज्ञापन कटौतीविरुद्ध चरणबद्ध आन्दोलनको तयारी

**काठमाडौं/मस–** लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने सरकारी निर्णय फिर्ता गराउन नेपाल पत्रकार महासंघ काठमाडौं शाखाद्वारा गठित छापा माध्यम बचाउ सुझाव कार्यदलले चरणबद्ध आन्दोलनको तयारी गरेको छ ।



कार्यदलको शनिबार बिहान बसेको बैठकले तत्काल सरकार तथा राजनीतिक दलका नेताहरूसँग संवाद गरी समस्या समाधानको प्रयास गर्ने र एक साताभित्र माग सम्बोधन नभए भौतिक आन्दोलन सुरु गर्न महासंघलाई सुझाव दिएको हो। बैठकले दामोदरप्रसाद दवाडीलाई कार्यदलको संयोजक चयन गर्दै महासंघलाई सातबुँदे सुझावसमेत दिएको छ । संशोधित कार्यविधिअनुसार कटौती गरिएको रकममा लोककल्याणकारी विज्ञापनको बिल विज्ञापन बोर्ड वा सम्बन्धित हुलाक कार्यालयमा पेस नगर्न देशभरका छापा माध्यमलाई आह्वान गर्न महासंघ केन्द्रीय समितिलाई अनुरोध गर्ने निर्णय कार्यदलले गरेको छ ।

सरकारी विज्ञापन वितरणमा भइरहेको विभेद, लोककल्याणकारी विज्ञापनको रकम कटौती तथा राष्ट्रिय समाचार समिति (रासस) को बुलेटिन शुल्कमा गरिएको ठुलो कटौती तत्काल सच्याउनुपर्ने कार्यदलको निष्कर्ष छ ।

समस्या समाधानका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसहित सम्बन्धित सरकारी निकाय र राजनीतिक दलका नेताहरूसँग भेटघाट गरी दबाब दिने निर्णय पनि कार्यदलले गरेको छ । एक सातासम्म संवाद र परामर्शमार्फत समस्या समाधानको प्रयास गर्ने र त्यस अवधिमा माग सम्बोधन नभए आन्दोलनलाई चरणबद्ध रूपमा अघि बढाउने प्रस्ताव गरिएको छ ।

छापा माध्यमको आर्थिक संकट गहिरिँदै गएको अवस्थामा लोककल्याणकारी विज्ञापनको रकम कटौतीले साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यमको अस्तित्वमै थप चुनौती सिर्जना गरेको कार्यदलको ठहर छ ।

कार्यदलले छापा माध्यमको संरक्षणलाई सञ्चारमाध्यमको व्यावसायिक विषयमा मात्र सीमित नराखी प्रेस स्वतन्त्रता र नागरिकको सूचनाको अधिकारसँग जोडेर हेर्नुपर्नेमा जोड दिएको छ । सरकारको विज्ञापन नीतिमा समानता र पारदर्शिता कायम गर्नुपर्ने तथा सञ्चारमाध्यमलाई विभेदपूर्ण व्यवहार गर्न नहुने कार्यदलको भनाइ छ ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले भदौ १९ गते छापा माध्यमका सम्पादक तथा प्रकाशकहरूसँग सुझाव संकलन तथा छलफल गरेपछि कार्यदल गठन गरेको थियो। दवाडीको संयोजकत्वमा डा. केशव देवकोटा, टंक कार्की, हेमराज सिलवाल, मुक्ति बास्तोला, विश्वराज किराँत, सीता पोखरेल, नृपेन्द्रलाल श्रेष्ठ, डिल्लीराम भट्टराई, पदमराज जोशी र कल्पना खड्का सदस्य रहेको कार्यदल गठन गरिएको हो। कार्यदलले सरकारलाई तत्काल निर्णय पुनर्विचार गरी छापा माध्यमलाई संकटबाट जोगाउने वातावरण बनाउन आग्रह गरेको छ।

भोटेकोशी बाढी

# एक हजार बढी शवको सुरक्षित व्यवस्थापन

**काठमाडौं/मस–** भोटेकोशी बाढीपछि फेला परेका एक हजार ३४४ मध्ये एक हजार ३० शव सुरक्षित रूपमा माटोमुनि व्यवस्थापन गरिएको छ । फेला परेका शवको पहिचानका लागि डिएनए नमूना संकलनलगायत आवश्यक प्रक्रिया पूरा गरी हालसम्म २२२ महिला, ३५५ पुरूष र ४५३ संवेदनशील अवस्थाका पहिचान नखुलेका शव व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ ।



शव पहिचानका लागि मृतकका एक हजार २६० र आफन्तका एक हजार १२ वटा डिएनए नमूना संकलन गरिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए । उनका अनुसार डिएनएलगायत आवश्यक विवरण संकलनपश्चात् 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम ती शव जमिनमुनि सुरक्षित रूपमा व्यवस्थापन गरिएको हो ।

व्यवस्थापनका क्रममा प्रत्येक शवको सङ्केत/कोड नम्बर जमिनमुनि तथा माथि राखिएको छ। त्यस्तै शव व्यवस्थापन गरिएको स्थानको 'जिपिएस लोकेशन', फोटो अभिलेख, नक्सासहितको विस्तृत विवरण तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण विवरण अभिलेखीकरण गरिएका छन् ।

जमिनमुनि व्यवस्थापन गरिएका प्रत्येक शवको फोटो, डिएनए नमूना, संकेत नम्बर, हुलिया, सनाखतसम्बन्धी विवरण, शव परीक्षण प्रतिवेदन, मुचुल्का, व्यवस्थापन मिति तथा स्थानको विवरण सुरक्षित राखिएको छ । भविष्यमा कुनै परिवार/आफन्तले आफ्नो सदस्यका रूपमा दाबी गरेमा उपलब्ध वैज्ञानिक तथा कानुनी प्रमाणका आधारमा पहिचान गरी ती शव परिवारलाई हस्तान्तरण गरिने प्रहरी प्रवक्ता काफ्लेले उल्लेख गरे ।

पहिचान नभएका एक हजार २७० शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा 'अपलोड' गरिएका छन् । आज बिहानसम्म बाढीमा परी निधन भएका एक हजार ३४४ वटा शव विभिन्न जिल्लामा फेला परेका छन्। बाढीप्रभावित क्षेत्रमा खोज, उद्धार, राहत वितरण, शव व्यवस्थापनलगायतमा हालसम्म सात हजार ९१२ प्रहरी कर्मचारी परिचालन गरिएको छ ।

प्रहरीका अनुसार बाढीमा परी बेपत्ता भएका चार हजार ८८६ को खोजी भइरहेको छ । बाढीको जोखिममा रहेका तटीय क्षेत्रका घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा खोज तथा उद्धार र सडक अवरोध हटाउने काम भइरहेको प्रहरीले जनाएको छ।

**बाढीप्रभावित क्षेत्रमा डिएनए नमूना संकलन केन्द्र सञ्चालन**

भोटेकोशी नदीमा आएको बाढीमा परेर हराइरहेका व्यक्तिको पहिचानका लागि नेपाल प्रहरीले डिअक्सिराइबोन्युक्लिक एसिड (डिएनए)परीक्षणको नमूना लिन नुवाकोटमा संकलन केन्द्र सञ्चालनमा ल्याएको छ ।

यसअघि नमूना दिन पीडित परिवारका सदस्य रसुवा र नुवाकोटबाट काठमाडौं आउनुपर्ने बाध्यता रहेकामा बाढीप्रभावित क्षेत्रका पीडित परिवारलाई सहज बनाउन विदुरमा नमूना संकलन केन्द्र सञ्चालनमा ल्याइएको नेपाल प्रहरी अस्पतालका प्रहरी नायब महानिरीक्षक डा. दामोदर पौडेलले जानकारी दिए । उनका अनुसार बाढी परेर दिवंगत भई फेला परेका शवको पहिचानमा समस्या भएकाले हराइरहेका व्यक्तिको परिवारका सदस्यसँग नमूना लिएर परीक्षणपश्चात् पहिचानमा सहयोग पुग्ने विश्वास लिइएको छ।

'भोटेकोशीमा आएको बाढीमा परेर नुवाकोट र रसुवाका धेरै व्यक्ति हराएका भनेर निवेदन प्राप्त भएसँगै भेट्टिएका शवको पहिचानका लागि डिएनए परीक्षण गराउन परिवारका सदस्यसँग नमूना संकलन थालिएको छ', प्रहरी नायब महानिरीक्षक डा. पौडेलले भने, 'डिएनएको नमूना दिन काठमाडौं जानुपर्ने बाध्यतालाई सरल बनाउन नेपाल प्रहरी अस्पताल महाराजगञ्जले विदुरमा संकलन केन्द्र सञ्चालनमा ल्याएको हो ।'

उनका अनुसार डिएनए परीक्षणका लागि अुबाआमा, दाजुभाइ, दिदीबहिनी तथा छोराछोरीमध्ये जोकोही एक जनासँग नमूना संकलन गरिएको छ। भेट्टिएका शवको डिएनएसँग तुलना गर्न सबैभन्दा नजिकका रगतसम्बन्धी आफन्तको नमूना बढी उपयोगी हुने भएकाले विशेषगरी बुबा, आमा, छोरा वा छोरीसँग नमूना लिनका लागि उनले आग्रह गरे । यो सम्भव नभएको अवस्थामा भने नजिकका रगतसम्बन्धी आफन्तबाट पहिचान गर्न सकिने डा.पौडेलले जानकारी दिए। बाढीमा हराइरहेका व्यक्तिको परिवारको तर्फबाट नमूना दिने व्यक्तिको दुईप्रति फोटोसहित परिचय खुल्ने सरकारी कागजात आवश्यक पर्नेछ भने बालबालिकाको हकमा जन्म दर्ता वा विद्यालयको परिचयपत्र भए हुने जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रमुख एवं प्रहरी उपरीक्षक विपिन रेग्मीले जानकारी दिए ।

उनका अनुसार भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीको कारण हराइरहेको भनेर नुवाकोटमा दुई हजार ५६४ निवेदन प्राप्त भएका छन् । त्यसमध्ये हालसम्म १९२ शव प्राप्त भएकामा १८ जनाको मात्र सनाखत भएको प्रहरीले जनाएको छ । बाँकी सनाखत भएको अवस्थामा परिवारलाई उपलब्ध गराउने गरेर सोहीअनुसार व्यवस्थापन गरिएकाले शव पहिचानका लागि डिएनए परीक्षण प्रक्रियालाई तीव्रता दिइएको प्रहरी उपरीक्षक रेग्मीले बताए ।

# साउदीका विभिन्न सहरमा बाढीमा ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, २० भदौ

नेपालमा हालै आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दै साउदी अरबका विभिन्न सहरमा श्रद्धाञ्जली सभा सम्पन्न भएका छन् । प्रवास नेपाली सम्पर्क बिभागको आयोजनामा शुक्रबार जुबेल, रियाद र अल कासिममा आयोजित कार्यक्रममा नेपाली समुदायका विभिन्न संघ-संस्था, सामाजिक अभियन्ता तथा प्रवासी नेपालीहरूको सहभागिता रहेको थियो । सहभागीहरूले विपद्मा ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै प्रभावित परिवारप्रति ऐक्यबद्धता जनाएका थिए।प्रवास सम्पर्क विभाग, साउदी अरबका अध्यक्ष भूपाल भण्डारीले प्राकृतिक विपद्को पीडामा प्रवासी नेपाली समुदायले दुःखमा साथ दिने र राहत, उद्धार तथा मानवीय सहयोगका कार्यमा एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिएका छन्। उनले विपद्को समयमा देश तथा समुदायप्रतिको जिम्मेवारी अझ महत्वपूर्ण हुने धारणा व्यक्त गरे ।



जुबेलमा साँझ ६ बजे, रियादस्थित डिमोरा होटलमा बिहान १० बजे तथा अल कासिममा साँझ ७ बजे श्रद्धाञ्जली सभा आयोजना गरिएको थियो ।

यसैबीच, हेल्प मधेसी साउदी अरबले शुक्रबार दम्मामको सेकेन्ड सनैयामा श्रद्धाञ्जली सभा आयोजना गरेको छ । कार्यक्रममा नेपाली समुदायका प्रतिनिधि, सामाजिक अभियन्ता तथा प्रवासी नेपालीहरूको सहभागिता रहेको थियो। सहभागीहरूले बाढीपहिरोमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारप्रति समवेदना व्यक्त गरेका थिए ।

हेल्प मधेसी साउदी अरबका अध्यक्ष श्यामकुमार महतोले विपद्को यस कठिन समयमा पीडित परिवारको दुःखमा प्रवासी नेपाली समुदाय साथमा रहेको बताउँदै राहत तथा मानवीय सहयोगका लागि सबैलाई एकजुट हुन आग्रह गरेका छन्। साउदीमा सम्पन्न यी श्रद्धाञ्जली सभाले हजारौं किलोमिटर टाढा रहे पनि मातृभूमिमा परेको विपद्को पीडामा प्रवासी नेपाली समुदाय भावनात्मक रूपमा जोडिएको सन्देश दिएको छ। सहभागीहरूले विपद् प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनामा निरन्तर सहयोग आवश्यक रहेकोमा जोड दिएका छन् ।

# एनआरएनए जापानले गऱ्यो टोकियोमा श्रद्धाञ्जली सभा

**पूर्ण चलाउने/मध्यान्ह**
टोकियो, २० भदौ

गैरआवासीय नेपाली संघ (एनआरएनए) जापानले भोटेकोशी लगायतका ठाउँमा आएको बाढीमा ज्यान गुमाउनेप्रति दीप प्रज्वलन गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ। शनिबार टोकियोको सिनओकुबो स्थित सोलमारी मुरा हलमा एक संयुक्त सभाको आयोजना गरी श्रद्धाञ्जली अर्पण गरिएको हो ।



श्रद्धाञ्जली सभामा एनआरएनए जापानका अध्यक्ष सुभाष लामिछानेले ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका थिए ।

लामिछानेले दीप प्रज्वलन तथा सामूहिक श्रद्धाञ्जली अर्पण कार्यक्रम मार्फत प्रवासमा रहेर पनि नेपालीहरु आफ्नो मातृभूमिको पीडामा एकजुट भएको बताए ।

उक्त संयुक्त श्रद्धाञ्जली सभामा जापानका विभिन्न संघ संस्था संगठन लगायत सर्वसाधारणको सहभागिता रहेको थियो । एनआरएनए जापानले बाढीपीडितका लागि आर्थिक लगायतका अन्य सहयोगहरु पनि गरिरहेको छ ।

# बाढीबाट विस्थापितलाई ब्लु ओसियन ओभरसिजद्वारा राहत वितरण



**काठमाडौं/मस–** भदौ १० गते भोटेकोशीमा आएको भीषण बाढीबाट विस्थापित परिवार हरूलाई लक्षित गर्दै काठमाडौंको टोखा-१० स्थित ब्लु ओसियन ओभरसिज प्रा.लि.ले राहत वितरण गरेको छ ।

शनिबार गजुरी गाउँपालिका वडा नं. ५ को गलौदीमा ४३ घर र पोखरे खोलामा २२ घरभन्दा बढी बाढीबाट विस्थापित परिवारलाई प्रत्यक्ष भेटी राहत सामग्री हस्तान्तरण गरेको जनाएको छ । ब्लु ओसियन ओभरसिजका सञ्चालक ध्रुव रिजालको नेतृत्वमा गएको ओभरसिजको टोलीले बाढीका कारण त्रिशूली नदी आसपासका करिब ६० भन्दा बढी घरपरिवार विस्थापित भएपछि उनीहरूलाई तत्काल सहयोग स्वरूप राहत प्रदान गरेको हो ।

कम्पनीका अनुसार पीडितहरूलाई आवश्यक दैनिक उपभोग्य तथा आधारभूत सामग्री उपलब्ध गराइएको छ । वितरण गरिएका सामग्रीमा ओढ्ने-ओछ्याउनेका लागि सिरक, डसना, सिरानी, तन्ना लगायतका सामान रहेका छन् । यसका साथै खाद्यान्नतर्फ चामल, दाल, तेल तथा पानी शुद्धीकरणका लागि फिल्टर समेत प्रदान गरिएको कम्पनीले जानकारी दिएको छ । लत्ता-कपडा लगायत अन्य आवश्यक सामग्री पनि वितरण गरिएको कम्पनीले बताएको छ ।

# बाढीपीडितका लागि मोना कतारद्वारा ५० हजार सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २० भदौ

नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि म्याग्दी प्रवासी नेपाली संघ (मोना) अन्तर्राष्ट्रिय कार्यसमितिले सुरु गरेको राहत संकलन अभियानमा मोना कतारले ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ। मोना अन्तर्राष्ट्रियको अभियानमा विश्वभर रहेका दुई दर्जनभन्दा बढी मोना संस्थाहरू तथा विभिन्न देशमा रहेका नेपालीहरूले समेत सहयोग गरिरहेका छन्।

मोना कतारका अध्यक्ष बाबुराम भण्डारीका अनुसार संस्थाको हालै सम्पन्न १९औं मासिक बैठकको निर्णयअनुसार मोना अन्तर्राष्ट्रिय कार्यसमितिमार्फत सञ्चालन भइरहेको राहत संकलन अभियानमा ५० हजार रुपैयाँ सहयोग गरिएको हो ।

मोना कतारले स्थापनाकालदेखि नै कतारमा रहेका नेपाली समुदायसँगै नेपालका विभिन्न विपद् तथा सामाजिक समस्यामा सहयोग गर्दै आएको छ। पछिल्लो समय नेपालमा आएको बाढी पहिरोका कारण ठुलो जनधनको क्षति भएपछि मोना अन्तर्राष्ट्रियले राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग जुटाउने अभियान अघि बढाएको हो ।

मोना अन्तर्राष्ट्रियले विश्वभरका मोना तथा नेपाली समुदायबाट विभिन्न माध्यममार्फत आर्थिक सहयोग संकलन गरिरहेको जनाएको छ। अभियानबाट संकलित रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरी बाढी पहिरो प्रभावितको राहत तथा पुनर्स्थापनामा उपयोग गरिने जनाइएको छ। राहत संकलन अभियान अहिले पनि जारी रहेको छ ।

मोना कतारले नेपालमा परेको विपत्तिको यस कठिन घडीमा कतारमा रहेका सम्पूर्ण म्याग्देली तथा नेपाली समुदायलाई आफ्नो क्षमताअनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष वा मोना अन्तर्राष्ट्रियले सञ्चालन गरिरहेको राहत अभियानमा जोडिएर सहयोग गर्न आह्वान गरेको छ ।

मोना कतारले विपत्तिको समयमा आर्थिक सहयोग मात्र नभई मानवीय एकता, सहकार्य र सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै आगामी दिनमा समेत आवश्यक सहयोगलाई निरन्तरता दिने जनाएको छ ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन जनकपुर
मुजेलिया, धनुषा
सूचना
प्रकाशित मिति : २०८३/०५/२१

सार्वजनिक खरिद (सोह्रौं संसोधन) नियमावली, २०८३ मा भएका व्यवस्थाहरु सम्बोधन गर्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंको मिति २०८३/०५/१८ को सचिवस्तरीय निर्णयानुसार Bidding document संसोधन तथा परिमार्जन गरिएको हुँदा यस डिभिजनको मिति २०८३/०४/२५ गते bolpatra.gov.np मा प्रकाशित Invitation for Electronic Bids, Notice No.: RDJKR/083/84-02 मा आह्वान भएको र मिति २०८३/०५/१५ मा राजधानी दैनिक पत्रिकामा प्रकाशित संसोधित सूचना Notice No.: RDJKR/083/84-02 (With Amendment) मा समेत रहेको बोलपत्रहरुको संसोधित म्याद निम्नानुसार रहेको छ ।

| Bid Document Purchasing Date | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|
| 2026-09-15 (2083/05/30)<br>Time: Office time<br>Road Division Janakpur | 2026-09-16 (2083/05/31)<br>Time: 12:00 hrs<br>Road Division Janakpur | 2026-09-16 (2083/05/31)<br>Time: 13:00 hrs<br>Road Division Janakpur |

मध्यान्ह
www.madhyanhadaily.com
२१ भदौ २०८३ आइतबार
6 September 2026 Sunday

सम्पादकीय

## असामाजिक नबनौं

सामाजिक सञ्जालमा भाइरल एउटा भिडियोमा एक महिला राज्यसँग आफ्ना श्रीमानको खोजी गरिदिन आग्रह गरिरहेकी हुन्छिन् । 'ए सरकार मेरो श्रीमान किन खोज्दिनस्', 'विदेशी आउँछु भनेको थियो किन आउन दिइनस् ? 'मलाइ मेरो श्रीमान चाहियो' महिलाले रूँदै भनिरहेकी छन् । भदौ १० गते भोटेकोशीमा विनाशकारी बाढी आयो । बाढीले घर, सम्पत्ति र आफन्त गुमाएका नागरिक सामाजिक सञ्जालाटै पीडा र सरकारसँग माग राखिरहेका छन् । यो स्वाभाविक नागरिक अधिकार हो । तर यही कुरालाई सरकारविरोधीका रूपमा व्याख्या गर्दै पीडितकै चरित्र र जीवनमाथि आपत्तिजनक टिप्पणी भइरहेका छन् । केहीले लेखेका छन्, 'तेरो बा केपीले के गरेको हो र यो सरकारलाई दोष', 'बुढो सरकारले बेपत्ता बनाएको हैन होला दिदी, विपद्ले कता लग्यो लग्यो खोजतलास गर्नेले गरिरहेका छन्...।' अर्को एक महिलाले आफ्नो श्रीमान जलविद्युत आयोजनामा काम गर्ने र बाढीको कारण टनेलमा थुनिएको हुन सक्ने भनेर छिटो खोजीकार्य गरिदिन गरेको आग्रहमा पनि उस्तै आपत्तिजनक कमेन्टहरू छन् । 'आफैं खोज्न जा न', 'तेरोमात्र लोग्ने बाढीमा परेको छ ?' जस्ता टिप्पणी गरिएका छन् ।

विपद्को समयमा नागरिकले राज्यसँग गर्ने अपेक्षा सुरक्षा, उद्धार र आफ्ना आफन्तको खोजी हो । घर बग्दा, सम्पत्ति गुमाउँदा र आफन्त बेपत्ता हुँदा नागरिकले सरकारसँग गुहार माग्नु अस्वाभाविक होइन । बरू त्यो राज्यप्रतिको विश्वासको अभिव्यक्ति हो । तर भोटेकोशी बाढीपछि सामाजिक सञ्जालमा देखिएका आपत्तिजनक प्रतिक्रियाले सामाजिक संवेदनामाथि गम्भीर प्रश्न उठाएको छ । श्रीमान् खोजिदिनुस् भन्दै काखमा बच्चा च्यापेर रोइरहेकी महिलामाथि समेत चरित्र, पहिरन र व्यक्तिगत जीवनसँग जोडेर गरिएका टिप्पणी कुनै पनि कोणबाट स्वीकार्य हुन सक्दैनन् । सरकारसँग प्रश्न गर्नु सरकारविरोधी हुनु होइन । नागरिकले राज्यसँग जवाफ माग्न पाउँछन् । अझ विपद्को समयमा आफ्नो आफन्तको अवस्था थाहा पाउन खोज्नु त नागरिकको स्वाभाविक अधिकार हो ।

समस्या सामाजिक सञ्जालमा मात्र छैन । यो हाम्रो सोच र संस्कारसँग जोडिएको विषय हो । राजनीतिक पक्षधरता यति बलियो बन्नु कि आफ्ना राजनीतिक समूहको बचाउका लागि पीडितकै आँसुमाथि प्रहार गर्नसमेत पछि नपर्ने अवस्था आउनु गम्भीर चिन्ताको विषय हो । व्यक्ति र सरकार बदलिँदैमा नागरिकप्रतिको व्यवहार र सामाजिक संस्कार नबदलिने हो भने परिवर्तनको अर्थ के रहन्छ ? यसको समाधान सरकारले मात्र दिन सक्दैन । सरकारले नागरिकलाई सभ्य बन्न आदेश दिएर सामाजिक संस्कार परिवर्तन हुँदैन । आज अरूको श्रीमान् हराएको पीडा भोलि आफ्नै परिवारमा पनि पर्न सक्छ । त्यसैले अहिले को माथि कस्तो टिप्पणी भयो वा सामाजिक सञ्जालबाट कस्तो दुर्व्यवहार भन्ने प्रश्न त छँदैछ । यो भन्दा गम्भीर विषय समाज कस्तो बन्दैछ भन्न हो । यसमा नागरिकको पनि उत्तिकै ठूलो दायित्व छ । सामाजिक सञ्जालमा लेख्नुअघि आफूले लेखेको एउटा वाक्यले विपद्मा परेको मानिसलाई कति गहिरो चोट पुऱ्याउन सक्छ भन्ने सोच्नुपर्छ । यसकारण असहमति राखौँ, सरकारलाई प्रश्न गरौँ, आलोचना गरौँ; तर पीडितको चरित्रमाथि प्रहार नगरौं ।

# घर भत्कियो, मन नभत्कियोस्

विनाशकारी बाढी-पहिरोले केवल घर र बस्ती मात्र बगाएको छैन, कयौँ मानिसको आत्मबल, पारिवारिक टेको र मानसिक सन्तुलनसमेत डगमगाइदिएको छ । शरीरको घाउ र भौतिक संरचना जत्तिकै महत्वपूर्ण पक्ष मनको उपचार हो । पीडितहरुलाई गाँस, बास र कपाससँगै निरन्तर मनोसामाजिक परामर्श, स्नेह, सामाजिक ऐक्यबद्धता र भावनात्मक आड दिनु आवश्यक छ । किनभने, घर र बस्ती भत्किए पनि मानिसको आशा र मन भत्किनुहुँदैन ।

अग्रलेख



● लक्ष्मी बिसी

प्रकृति जब आफ्नो कठोर र भयानक रूपमा प्रकट हुन्छ, मानिसले जीवनभर जोडेको जायजेथा, सपना र सम्बन्धहरू छिनभरमै बगर बन्छन् । गत भदौ १० गतेको त्यो अकल्पनीय दिन, जब अविरल वर्षासँगै आएको विनाशकारी बाढी र पहिरोले देशका विभिन्न भेगमा ताण्डव मच्चायो । विशेषगरी उत्तरी नाका रसुवा र नुवाकोटसहित धादिङ, गोरखा, चितवन तथा अन्य आसपासका जिल्लाहरूमा यस प्राकृतिक विपद्ले अपूरणीय मानवीय तथा भौतिक क्षति पुऱ्याएको छ ।

प्रारम्भिक सरकारी तथ्याङ्क अनुसार यस विपद्बाट करिब १६ लाख मानिसहरू प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । १२ सयभन्दा बढीको शव भेटिइसकेको छ भने चार हजारभन्दा बढी अझै बेपत्ता छन् । हजारौं विस्थापित भएका छन् । त्यसले प्रभाविक प्रत्येक परिवारका हजारौँ सपनामा नमेटिने पीडा दिएको छ ।




बगेका सडक, भत्किएका पर्खाल, पुरिएका खेतबारी र बगरमा परिणत भएका बस्तीहरूमा आज केवल आफन्तको प्रतीक्षा र टोलाएका आँखाहरू मात्र बाँकी छन् । अस्पतालका आकस्मिक कक्षहरू, प्रहरी प्रशासनका परिसरहरू र अस्थायी राहत शिविरहरूमा आफ्ना हराइरहेका मानिस भेटिने आशमा भौँतारिएका आफन्तहरूको आँसु र छटपटीले जुनसुकै कठोर हृदयलाई पनि पगालिदिन्छ ।

### उजाडिएका बस्ती र व्यक्तिगत शोक

विपद्को यो कहरले प्रभावित बस्तीहरूमा यतिबेला गहिरो सन्नाटा र शोक छाएको छ । कतिपय परिवारका सबै सदस्यहरूलाई बाढीले एकैपटक खोसेर लगेको छ भने कतिपय सिङ्गो गाउँ नै नक्साबाट मेटिने अवस्थामा पुगेको छ । आफ्ना बाबुआमा, जीवनसाथी, छोराछोरी वा सहोदर दाजुभाइ-दिदीबहिनी गुमाउनुको पीडा कति भयानक हुन्छ भन्ने कुरा त्यो परिस्थितिबाट गुज्रिरहेको व्यक्तिलाई मात्र थाहा हुन्छ । त्यो असहजता, छातीभित्रको गहिरो शून्यतातर्फ ढल्केको मन र आहत भावनालाई कुनै पनि भाषाका शब्दहरूले पूर्ण रूपमा बयान गर्न सक्दैनन् ।

यस्तो संकटमा घरबारविहीन बनेका बालबालिका, वृद्धवृद्धा, गर्भवती, सुत्केरी, घाइते तथा दीर्घरोगीहरूको अवस्था झनै दयनीय र संवेदनशील बनेको छ । शारीरिक अशक्तताका कारण उनीहरूलाई न्यूनतम राहत सामग्री प्राप्त गर्न र नयाँ वातावरणमा घुलमिल हुन निकै सास्ती भइरहेको छ ।

### अदृश्य घाउः विपद्पछिको गहिरो मनोसामाजिक संकट

कुनै पनि प्राकृतिक महाविपद् केवल भौतिक विनाश र धनजनको क्षतिमा मात्र सीमित रहँदैन । यसले मानव मस्तिष्क, चेतना र भावनामा कहिल्यै नमिल्ने गहिरो आघात (त्चबगकब) छोडेर जान्छ । संकटकालीन मनोविज्ञानको सिद्धान्त अनुसार यस्ता घट्नापछि प्रभावित मानिसहरूमा तीव्र तनाव, गहिरो शोक, अनौठो डर, निराशा, पछुतो, दिक्दारी, अविश्वास र तीव्र असुरक्षाको भावना उत्पन्न हुन्छ ।

हाल स्वयम्भूस्थित पहेँलो गुम्बाको होल्डिङ सेन्टर वा विभिन्न स्थानमा रहेका आश्रयस्थलहरूमा पुग्दा यो मनोवैज्ञानिक आघात मानिसहरूको अनुहारमा छर्लङ्ग देखिन्छ । त्यहाँ धेरै मानिसहरू अचेत वा अर्धचेत अवस्थामा छन् । कोही निरन्तर रोइरहन्छन्, कोही घण्टौँसम्म एकै ठाउँ टोलाएर बसिरहन्छन् । कसैलाई बोलाउँदा पनि सुन्दैनन्, कोही सामान्य आवाजमा पनि झस्किन्छन् भने कोही बोल्नै नसक्ने वा बोल्नै नचाहने अवस्थामा पुगेका छन् ।

उनीहरूले भोगेको त्रास यति भीषण छ कि 'मलाई गाह्रो भयो', 'टाउको दुख्यो' वा 'निन्द्रा लागेन' भनेर आफ्नो शारीरिक र मानसिक अवस्था व्यक्त गर्नेसम्मको सामर्थ्य उनीहरूमा बाँकी छैन । डाक्टर र नर्सहरूले औषधीमार्फत शरीरको जाँच त गर्न सक्छन्, तर मनभित्र गुम्सिएर रहेको यो असीम पीडा फुकाउन र उनीहरूलाई सञ्चो बनाउन मनोसामाजिक परामर्श अनिवार्य भइसकेको छ ।

### अबोध बालमनोविज्ञान र उनीहरूप्रतिको संवेदनशीलता

विपद्को सबैभन्दा ठूलो र निष्ठुरी मार अबोध बालबालिकाहरूमा परेको छ । आफ्ना अभिभावक गुमाएका वा उनीहरूबाट छुट्टिएका साना बालबालिकाहरू आफ्नो वरिपरि के भइरहेछ भन्ने बुझ्न सकिरहेका छैनन् । होल्डिङ सेन्टरमा रहेका कतिपय बालबालिकाहरूलाई आफू कति दिनदेखि त्यहाँ छु भन्ने सम्झनासमेत छैन; उनीहरू आफ्नै आमाबाबु र दाजुभाइको नामसमेत भुल्ने अर्द्धचेत अवस्थामा पुगेका छन् । उनीहरू आफ्ना बाबुआमा नयाँ ठाउँमा आउने आशमा बाटो हेरिरहेका छन् ।

समूह छलफलका क्रममा रसुवाकी ११ वर्षीया डोमाको प्रसङ्गले जोकोहीको मन चसक्क बनाउँछ । आमालाई खाना खुवाउँछु भन्दै जुरुक्क उठेर उनले भनिन्, 'बाटोमा भेट्टाएर आमा बनाएको, उहाँको आँखा देख्नुहुन्न । मैले नै खाना खुवाउँछु, मेरो आफ्नै आमा त हुनुहुन्न उहाँ नै मेरो आमा हो ।' त्यो अबोध बालिकामा संकटका बीच पनि पलाएको सहयोग, करुणा र आत्मीयताको भावनाले धेरैलाई स्तब्ध बनाउँछ ।

बालमनोविज्ञानका अनुसार यस्ता बालबालिकालाई जबरजस्ती उनीहरूले भोगेका दुःखी घटना सुनाउन वा बोल्न लगाउनु झनै घातक हुन्छ । उनीहरूसँग समय बिताउने, उनीहरूलाई चित्र बनाउन दिने, खेलमा भुलाउने, कथा सुनाउने र उनीहरूलाई स्वाभाविक रूपमा सहज महसुस गराउनु पर्छ । उनीहरू धेरै डराएका छन् कि, एकाएक बोल्न छाडेका छन् कि भन्ने कुरामा अभिभावक, स्वयंसेवक र परामर्शदाताले विशेष ध्यान दिनु आवश्यक छ ।

### सम्बन्धको बिछोड र भावनात्मक संक्रमण

विपद्को अर्को दुखद् पाटो भनेको परिस्थितिले निर्माण गरेका मानवीय सम्बन्धहरू पुनः टुट्नु हो । होल्डिङ सेन्टरमा केही दिन सँगै बसेका पीडितहरूबीच एउटा अदृश्य आत्मीयता र सहाराको नाता जोडिएको थियो । एउटै पीडा भोगिरहेका मानिसहरू एकापसमा कुरा सुन्ने र साट्ने बनेका थिए । तर, जब उनीहरूलाई अर्को सुरक्षित स्थानमा सार्न थालियो, उनीहरूमा पुनः अर्को निराशा र विछोडको पीडा थपियो ।

टिमुरेका पासाङ जब औषधीको प्याकेट र जेब्रा झोला बोकेर गाडी चढे, उनको आँखामा आँसु थियो । 'जहाँ लगे पनि जानै पर्छ' भन्ने उनको भावुक शब्दभित्र एउटा गहिरो विवशता थियो । साना बालबालिकाहरू पनि नामै नथाहा भएका आफ्ना साथीहरूसँग छुट्टिनुपर्दा निराश देखिन्थे । विपद्ले मानिसको भौतिक घर मात्र होइन, उसले सुरक्षित महसुस गर्ने भूगोल, छिमेक र छोटो समयमै बनेका भावनात्मक सम्बन्धहरू पनि खोसेर लैजाँदो रहेछ ।

### ऐक्यबद्धता, मानवीयता र स्वयंसेवकहरूको उच्च आत्मबल

यो संकटको समयमा नेपाली समाजको बलियो मानवीय पक्ष र ऐक्यबद्धता पनि उजागर भएको छ । पहेँलो गुम्बाको होल्डिङ सेन्टरलगायतका स्थानहरूमा खाना, लत्ताकपडा, स्वास्थ्य शिविर र सुरक्षाको राम्रो व्यवस्थापन देखिएको छ । गुम्बा व्यवस्थापन समिति, डाक्टर, नर्स, मनोपरामर्शदाता र स्वयंसेवकहरूको भूमिका प्रशंसनीय छ ।

सबैभन्दा प्रेरक कुरा त ती स्वयंसेवकहरू हुन्, जसले आफ्नै परिवारका सदस्यहरू गुमाएका छन् वा जो अझै बेपत्ता छन् । रसुवा कर्चुङका स्वयंसेवक, जसका परिवारका ३ जना सदस्य अझै हराइरहेका छन्, उनी भन्दैथिए, 'मेरो जस्तै पीडा अरूको पनि छ । सेन्टरमा बसिरहँदा मनमा पीडा मात्र हुन्छ, अरूलाई सहयोग गर्दा मन भुल्छ ।' आफ्नै आँसु पिएर अरूको आँसु पुछ्न खटिने यस्ता उच्च आत्मबल भएका स्वयंसेवकहरूको योगदानप्रति सम्पूर्ण देशले उच्च सम्मान व्यक्त गर्नुपर्छ ।

हामीले विपद्मा परेका मानिसहरूको सबै दुःख त एकैपटक मेटाउन सक्दैनौं, तर उनीहरूलाई 'हामी तिम्रो साथमा छौं, तिमी एक्लो छैनौ' भन्ने आत्मीयता र भरोसा अवश्य दिन सक्छौँ ।

### दीर्घकालीन पुनर्स्थापना र मनोसामाजिक प्राथमिकता

विपद् व्यवस्थापन केवल तत्कालीन राहत, खाद्यान्न वितरण वा टेन्ट बाँड्ने काममा मात्र सीमित रहनु हुँदैन । जब प्रारम्भिक संकटको समय बित्दै जान्छ, तब मानिसहरूमा वास्तविक क्षति र भविष्यको अनिश्चितताको बोध हुन थाल्छ । आफ्ना सपनाहरू खोसिएको र जीवनको पहिचान गुमेको महसुस हुँदा अवसाद र पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डरजस्ता जटिल मानसिक स्वास्थ्य समस्याहरू निम्तिन सक्छन् ।

त्यसैले, राज्य र गैरसरकारी क्षेत्रले पुनर्जागरण तथा पुनःस्थापनाका कार्यक्रमहरू तयार गर्दा भौतिक पूर्वाधार विकाससँगै दीर्घकालीन मानसिक स्वास्थ्य सेवालाई एकीकृत रूपमा अगाडि बढाउनुपर्छ । सामुदायिक तहमा स्थानीय मनोपरामर्शदाताहरूको टोली परिचालन गर्ने, बालबालिकाका लागि बालमैत्री स्थान र सिकाइ केन्द्रहरू सञ्चालन गर्ने तथा प्रभावित मानिसहरूलाई पुनः आयआर्जन र आत्मनिर्भरताका उपायहरूसँग जोड्न सके मात्र उनीहरूको खलबलिएको मनलाई पुनः लयमा फर्काउन सकिन्छ ।

### निष्कर्ष

नरोएको मानिसलाई दुःख छैन भन्ने हुँदैन, नबोलेको मानिसलाई पीडा छैन भन्ने होइन । अहिलेको यो विषम परिस्थितिमा शारीरिक स्वास्थ्य र भौतिक राहत (गाँस, बास, कपास) जत्तिकै महत्त्वपूर्ण पक्ष मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्श हो ।

बगेका खेतबारी र भत्किएका भौतिक घरहरू त समयक्रममा पुनः बन्दै जालान्, तर भत्किएको मानिसको मन, टुट्न लागेको आत्मबल र खलबलिएको मानसिक सन्तुलनलाई पुनर्गठन गर्न धेरै समय र धैर्यता लाग्छ । राहत र उद्धारको यो चरणमा अब हामीले भावनात्मक उपचार र पुनर्मिलनलाई प्राथमिकता दिनुपर्छ । हराइरहेका आफन्तहरू सकुशल भेटिऊन्, पीडित परिवारलाई यो बज्रपात सहन सक्ने शक्ति मिलोस् । खोजी, उद्धार र मानसिक स्वास्थ्यको यो अभियानमा हामी सबैले आफ्नो ठाउँबाट हातेमालो गरौँ, ताकि घर र बस्ती भत्किए पनि कसैको आशा र मन नभत्कियोस् ।

# गाडिएका शव, नगाडिएका प्रश्न

विपत्ति



● अर्जुन गौतम

*भोटेकोशी बाढीले सयौं परिवारलाई आफन्तविहीन बनाएको छ। भरतपुरमा पहिचानको प्रतीक्षामा रहेका शव र आफन्तका हातमा रहेका पुराना तस्बिरले पीडा देखाउँछन्। अज्ञात शव व्यवस्थापन आवश्यक भए पनि पहिचान र प्रमाण हराउने गरी गरिनु हुँदैन। आज गाडिएको शव भोलि पनि फेला पार्न सकिने सुनिश्चितता राज्यले गर्नैपर्छ।*

भरतपुरस्थित अस्थायी पहिचान केन्द्रमा एक महिला हातमा पुरानो तस्बिर बोकेर उभिएकी थिइन्। उनको एउटै प्रश्न थियो- 'मेरो मान्छे यहाँ छ कि छैन?'

बाढी र पहिरोमा ज्यान गुमाएकामध्ये कतिपयको शव पहिचान हुन सकेको छैन। अनुहार चिन्न नसकिने भएका छन्। कपडा र शरीरका बाहिरी चिन्हले मात्रै पहिचान खुल्दैन। आफन्तहरू पुराना तस्बिर बोकेर शव खोजिरहेका छन्। कसैको आशा अझै बाँकी छ, कसैको प्रतीक्षा दिनदिनै कठिन बन्दै गएको छ।

यहीबीच चितवनको देवघाटमा पहिचान हुन नसकेका शव गाड्ने निर्णय भयो। अस्पतालका शवगृह भरिए। शवहरू बिग्रन थाले। लामो समयसम्म राखिरहन सम्भव नभएपछि व्यवस्थापनको विकल्प खोजियो। अन्ततः केही शव माटोमुनि पुगे। तर शव गाडिएपछि पनि एउटा प्रश्न बाँकी रहन्छ- भोलि ती शवमध्ये कुनै आफ्नो आफन्त भएको प्रमाणित भयो भने परिवारले उसलाई कहाँ खोज्ने?



शव गाड्नु आफैंमा अस्वाभाविक निर्णय होइन। ठूलो विपद्का बेला धेरै मानिसको मृत्यु हुँदा शवको तत्काल व्यवस्थापन गर्नुपर्ने हुन्छ। समस्या शव गाडिएकोमा मात्र होइन, त्यसअघि र त्यसपछि पहिचानका प्रमाण कसरी सुरक्षित गरिन्छ भन्नेमा हो।

हाम्रो समाजमा मृतकको अन्तिम संस्कारको आफ्नै सांस्कृतिक र भावनात्मक अर्थ छ। परिवारका लागि आफन्तको शव केवल एउटा शरीर होइन। त्यो अन्तिम बिदाइ हो। आफ्नो मान्छेको शव नदेखी, नचिनी र संस्कार नगरी बस्नुपर्दा पीडा अझ गहिरो हुन्छ। त्यसैले अहिलेको मुख्य प्रश्न 'शव गाड्ने कि नगाड्ने' होइन। प्रश्न हो- गाडिएका शवको पहिचान भविष्यमा कसरी सुनिश्चित गर्ने?

### पहिचान हराउने जोखिम

विपद्का बेला एउटा आम धारणा हुन्छ- शवबाट महामारी फैलिन सक्छ। यही डरका कारण मृतकको शव छिटो व्यवस्थापन गर्नुपर्ने दबाब पर्छ। तर प्राकृतिक विपद्मा मृत्यु भएका मानिसका शव सामान्यतया महामारी फैलाउने प्रमुख कारण नहुने विश्व स्वास्थ्य संगठन, अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट महासंघलगायतका संस्थाले स्पष्ट पार्दै आएका छन्। पानीका स्रोत दूषित हुनु, सरसफाइको अभाव र खानेपानीको समस्या स्वास्थ्य जोखिमका मुख्य कारण हुन्।

यसको अर्थ शव व्यवस्थापनमा सावधानी नचाहिने होइन। शवलाई सुरक्षित, सम्मानजनक र व्यवस्थित ढंगले व्यवस्थापन गर्नुपर्छ। तर रोगको डर देखाएर हतारमा गाड्दा पहिचानका प्रमाण हराउने अवस्था आउनु हुँदैन। पहिचान नभएका शवका लागि पहिलो आवश्यकता व्यवस्थित अभिलेख हो। प्रत्येक शवलाई छुट्टै पहिचान नम्बर दिनुपर्छ। विभिन्न कोणबाट तस्बिर खिच्नुपर्छ। शरीरमा रहेका जन्मचिन्ह, चोटका दाग, ट्याटु वा अन्य विशेष चिन्ह अभिलेख गर्नुपर्छ। दाँत, औंलाछाप, कपडा, गहना, व्यक्तिगत सामान र अन्य पहिचान खुल्ने विवरण सुरक्षित राख्नुपर्छ।

सम्भव भएसम्म डीएनएको नमुना पनि सुरक्षित गर्नुपर्छ। तर डीएनए नमुना लिएर मात्रै जिम्मेवारी पूरा हुँदैन। नमुना कसको हो, कहिले र कहाँबाट लिइयो, कसरी सुरक्षित राखियो र परीक्षणका लागि कसरी पठाइयो भन्ने विवरण पनि स्पष्ट हुनुपर्छ। नमुना गलत ढंगले राखियो वा अभिलेख कमजोर भयो भने भविष्यको पहिचान प्रक्रियामै समस्या आउन सक्छ। शव गाडिएको स्थानको अभिलेख झन् महत्वपूर्ण हुन्छ। कुन शव कहाँ गाडियो, कुन स्थानको कुन भागमा गाडियो, त्यसको क्रम संख्या के हो, कहिले गाडियो- यी सबै विवरण सुरक्षित राखिनुपर्छ। सम्भव भएसम्म गाडिएको स्थानको नक्सा र भौगोलिक अवस्थिति पनि अभिलेखमा राख्नुपर्छ।

आज प्रविधिले यो काम धेरै सहज बनाएको छ। कागजी विवरणसँगै डिजिटल अभिलेख राख्न सकिन्छ। शवको तस्बिर, पहिचान नम्बर, डीएनए नमुना, व्यक्तिगत विवरण र गाडिएको स्थानलाई एउटै अभिलेख प्रणालीमा जोड्न सकिन्छ।

भोलि कुनै परिवारले आफ्नो हराएको आफन्तको खोजी गर्दा डीएनए परीक्षणबाट गाडिएको शवसँग मिलान भयो भने राज्यसँग त्यसको स्थान देखाउने प्रमाण हुनुपर्छ। परिवारलाई 'शव गाडिएको छ' भनेर मात्र पुग्दैन। कहाँ गाडिएको छ, कुन अभिलेखमा छ र आवश्यक परे कसरी निकाल्न सकिन्छ भन्ने जानकारी पनि राज्यसँग हुनुपर्छ। विपद्मा सबै शव पूरा अवस्थामा भेटिन्छन् भन्ने पनि हुँदैन। कतिपय अवस्थामा शरीरका अलग-अलग भाग मात्र भेटिन सक्छन्। त्यस्ता अवशेषलाई पनि छुट्टाछुट्टै नम्बर दिएर सुरक्षित अभिलेख राख्नुपर्छ। पछि वैज्ञानिक परीक्षणबाट एउटै व्यक्तिका अवशेष भएको पुष्टि हुन सक्छ।

### शव व्यवस्थापनभन्दा ठूलो जिम्मेवारी

यो घटनाले नेपालको शव व्यवस्थापन प्रणालीको अर्को कमजोरी पनि देखाएको छ- पर्याप्त शवगृहको अभाव।

विपद्का बेला एकैपटक ठूलो संख्यामा शव आए अस्पतालका सामान्य शवगृहले धान्न सक्दैनन्। त्यसैले भविष्यमा अस्थायी शवगृह, चिस्यानयुक्त कन्टेनर, अतिरिक्त शव राख्ने उपकरण, वैकल्पिक विद्युत् र आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्छ। विपद् आउनुअघि नै यस्ता संरचना र कार्यविधि तयार हुनुपर्छ।

आवश्यक परे छिमेकी मुलुक तथा अन्तर्राष्ट्रिय संस्थाको प्राविधिक सहयोग लिन सकिन्छ। नेपालमा विपद् व्यवस्थापनको योजना बनाउँदा जीवितको उद्धार, घाइतेको उपचार र राहतसँगै मृतकको पहिचान तथा सम्मानजनक व्यवस्थापनलाई पनि समान प्राथमिकता दिनुपर्छ।

अहिले राज्यले केही असहज प्रश्नको जवाफ खोज्नैपर्छ। पहिचान नभएका शव गाड्ने निर्णय वास्तविक वैज्ञानिक आवश्यकता थियो कि शवगृहको सीमित क्षमताका कारण आएको बाध्यता? गाड्नुअघि सबै शवको पर्याप्त अभिलेख राखियो कि राखिएन? प्रत्येक शवको डीएनए नमुना र अन्य प्रमाण सुरक्षित छन् कि छैनन्? गाडिएको स्थानको विवरण र नक्सा सुरक्षित छ कि छैन? भविष्यमा आवश्यक परे शव निकाल्ने स्पष्ट प्रक्रिया छ कि छैन? यी प्रश्नको जवाफ अहिले खोजिनुपर्छ। केही वर्षपछि होइन।

समय बित्दै जाँदा शवको अवस्था बदलिन्छ। शरीरसँग जोडिएका कतिपय प्रमाण नष्ट हुन सक्छन्। तर व्यवस्थित अभिलेख, सुरक्षित नमुना र प्रविधिको प्रयोगबाट पहिचान जोगाउन सकिन्छ। त्यसैले विपद्को तत्कालीन दबाबमा गरिएको निर्णयले भविष्यमा परिवारलाई अर्को पीडा नदियोस् भन्नेमा राज्य सचेत हुनुपर्छ।

अन्ततः यो केवल व्यवस्थापनको प्रश्न होइन, मानवीय दायित्व हो। बाढी र पहिरोले मानिसको जीवन खोस्यो। घरबार खोस्यो। परिवार खोस्यो। तर राज्यले मृतकको पहिचान पनि हराउन दिनु हुँदैन। मृत्यु भइसकेपछि पनि मानिसको नाम, पहिचान र उसको परिवारसँगको सम्बन्ध सुरक्षित राख्नु राज्यको जिम्मेवारी हो। आज गाडिएको कुनै शव भोलि कसैको बुबा, आमा, छोरा, छोरी वा जीवनसाथी भएको प्रमाणित हुन सक्छ। त्यो दिन राज्यसँग परिवारलाई सत्य बताउने आधार हुनुपर्छ। मृतकलाई सम्मान गर्नु भनेको अन्तिम संस्कार गर्नु मात्र होइन, उसको पहिचान जोगाउनु पनि हो।

**शव गाड्न सकिन्छ। तर पहिचान गाडिनु हुँदैन।**
**माटोले शव ढाक्न सक्छ, पहिचान होइन।**

**(गौतम प्रविधि विशेषज्ञ इन्जिनियर हुन् ।)**

इतिहासको पाना ● सन्तोष खडेरी

## सन् १९२३ को नेपाल–बेलायत सन्धि



GREAT BRITAIN AND NEPAL.
The Prime Minister of Nepal and the British Envoy, Lieutenant-Colonel W. F. T. O'Connor, photographed in the Prime Minister's Palace during the ceremony which marked the ratification of the Treaty between Great Britain and Nepal.

राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा सन् १९२३ मा भएको यो सन्धि नेपालको इतिहासकै महत्वपूर्ण सन्धि हो । जसमार्फत नेपालको अलग्गै स्वतन्त्रतालाई सुनिश्चित भयो ।

बेलायती राजदूत र नेपालका प्रधानमन्त्री बीच सिंहदरबारमा हस्ताक्षर भएको यो सन्धिकै समान स्तरमा भारतसंग सन् १९५० को सन्धिमा हस्ताक्षर भयो । नेपालबाट अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेर र भारतका तर्फबाट तत्कालीन राजदूत सिपिएन सिंहले सो सन्धिमा हस्ताक्षर गरेका छन् ।

सन् १९५० को सन्धिलाई हामीले असमान करार गर्दैआएका छौं । त्यो कतिसम्म असमान छ भने हस्ताक्षरमा समेत स्तर समान छैन । नेपालका तर्फबाट प्रधानमन्त्री र भारतबाट राजदूतको स्तरमा हस्ताक्षर भएको छ । यसका थुप्रै व्यवस्था पनि असमान छन् । यो सन्धि परिवर्तन गर्न बर्षौंदेखि माग हुँदैआएको छ । तर, हुन सकेको छैन । सन्धि पुनरावलोकनका लागि दुई देशले पटकपटक छलफल गरे पनि मूर्तरुप लिन सकेको छैन ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# काठमाडौं रेड्सलाई सफलता



**काठमाडौं/मस–** काठमाडौं रेड्सले एक्सट्रिम इनर्जी ड्रिंक नेपाल भलिबल लिग (एनभीएल) मा शनिबार जित हात पारेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको प्रतिस्पर्धात्मक खेलमा काठमाडौं रेड्सले मधेश वारियर्सलाई ३-२ ले पराजित गर्‍यो। आफ्नो पहिलो खेलमा काठमाडौं २०-२५, २६-२४, २५-१७, २२-२५ र १६-१४ ले विजयी भयो।

दुई खेलमा मधेशको यो लगातार दोस्रो हार हो। पहिलो खेलमा मधेश सगरमाथा स्म्यासर्ससंग २५-२१, २५-२१, २३-२५ र २५-२१ ले चुकेको थियो। काठमाडौं रेड्सका अहमद मुस्ताफा खान 'म्यान अफ द म्याच' घोषित भए।

नेपाल भलिबल संघको सहयोगमा केडिया ग्रुपद्वारा आयोजित प्रतियोगितामा ६ पुरुष टिम सहभागी छन्। सहभागी टिमले पहिले सिंगल राउन्ड रोबिन लिगका आधारमा खेल्ने छन्। लिगमा शीर्ष स्थानमा रहने टोली फाइनलमा प्रवेश गर्ने छ। शीर्ष दुई र तेस्रो स्थानमा रहने टोलीले फाइनल प्रवेशका लागि प्लेअफ खेल्ने छन्।

नेपाल भलिबल लिगको कुल पुरस्कार राशि ३२ लाख रुपैयाँ रहेको छ। यो पुरस्कार नेपाली भलिबलकै इतिहासमा हालसम्मकै सर्वाधिक हो। विजेताले २० लाख नगद पुरस्कार प्राप्त गर्ने छ।

एक्सटिम इनर्जी ड्रिंकको मुख्य प्रायोजनामा भइरहेको प्रतियोगिताको फाइनल भदौ २८ गते हुनेछ। कनेक्टेड वाइ एनसेल रहेको प्रतियोगिताको फ्लोरिङ पार्टनरमा यती कार्पेट, इन्टरनेट पार्टनरमा वर्ल्ड लिंक, एडुकेसन पार्टनरमामा डिएभी स्कुल, इन्सुरेन्स पार्टनरमामा हिमालय लाइफ इन्सुरेन्स, टुरिजम पार्टनरमा नेपाल टुरिजम बोर्ड, हेल्थ पार्टनरमा रभान्स आयल र डिजिटल पार्टनरमा एक्स-ऐज रहेका छन्। पुरुष भलिबलको फ्रेन्चाइज लिग नेपालमै पहिलोपटक भएको हो।

## एसडब्लुपिजे 'ए'लाई फुटसल उपाधि



**काठमाडौं/मस–** साइन विथ पर्पोज एन्ड जोय (एसडब्लुपिजे) 'ए'ले प्रथम नखिपोट फोल्क्स महिला फुटसल प्रतियोगिताको उपाधि शनिबार जितेको छ।

नखिपोट फोल्क्सको आयोजनामा नखिपोटस्थित फुटसल भिलेजमा भएको फाइनलमा एसडब्लुपीजे 'ए' ले आफ्नै 'बी' टोलीलाई ३-० गोलले पराजित गर्‍यो। विजयी टिमका लागि कप्तान दीपा राई, विमला थापा र जेनिफर राना मगरले गोल गरे। विजेताले १ लाख १ हजार तथा उपविजेताले ५१ हजार नगद पुरस्कार प्राप्त गरे।

दीपा उत्कृष्ट खेलाडी घोषित भइन्। दीपाले ७ हजार ५ सय नगद पुरस्कार प्राप्त गरिन्। सातदोबाटो एफसीकी कप्तान रेजिना मगर उदीयमान खेलाडी तथा एसडब्लुपीजे 'ए'की कविता विक उत्कृष्ट गोलरक्षक चुनिए। दुवैले जनही ५ हजार नगद पुरस्कार पाए।

विजेतालाई राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेम्जाङ, मिनुवा रिक्रुट प्रा.लि.का सञ्चालक हेम राई, आकर्षण इन्टरनेसनल प्रा.लि.का सञ्चालक मिलन थापा, व्यवसायी प्रवीण राई, आयोजक नखिपोट फोल्क्सका संयोजक समित बेघा लिम्बूलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। दुईदिने नकआउट प्रतियोगितामा २१ टिम सहभागी थिए।

## कटिया हाउस इन्डोर सुपर लिग सिजन–२ सोमबारदेखि



**काठमाडौं/मस–** काठमाडौंको गोल्फुटारस्थित भेलोसिटी एरेनामा आगामी भदौ २२ देखि २८ गतेसम्म 'कटिया हाउस इन्डोर सुपर लिग सिजन २' आयोजना हुने भएको छ। प्रतियोगिताको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा आयोजकले प्रतियोगिताको ट्रफी सार्वजनिक गरेको छ।

उक्त ट्रफीको अनावरण नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान ज्ञानेन्द्र मल्लले गर्नुभएको थियो। प्रतियोगिताका निर्देशक ज्योति भण्डारी र प्राविधिक निर्देशक रवीन्द्र गुप्तका अनुसार यस प्रतियोगिताले राष्ट्रिय स्तरका खेलाडीहरूलाई अफ-सिजनको समयमा पनि आर्थिक र शारीरिक रूपमा सबल बनाउन महत्त्वपूर्ण योगदान पुर्‍याउनेछ।

कुल ४५ लाख रुपैयाँको अनुमानित लागतमा सम्पन्न हुन लागेको यस प्रतियोगितामा मिक्स्याण्डु, विराटनगर बटालियन, काठमाडौं कैलाश, जनकपुर किङ्स, बुटवल एम्पायर्स, ललितपुर अलस्टार्ज, सुदूरपश्चिम टाइगर्स, लुम्बिनी योर्कर्स, माया हेटौंडा रोयल्स र पोखरा वारियर्स गरी १० वटा टोलीले प्रतिस्पर्धा गर्दै छन्।

प्रतियोगिताको विजेता टोलीले नगद ५ लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले २ लाख रुपैयाँ पाउने छ। यसका साथै उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूका लागि एक्स्ट्रिम सर्वोत्कृष्ट खेलाडीलाई ३० हजार, एक्स्ट्रिम उत्कृष्ट ब्याटरलाई १५ हजार, एक्स्ट्रिम उत्कृष्ट बलरलाई १५ हजार, एक्स्ट्रिम उदीयमान खेलाडीलाई १० हजार रुपैयाँ र प्रत्येक खेलका उत्कृष्ट खेलाडीलाई रिबन इन्टरटेनमेन्ट मिसेस नेपाल वर्ल्ड २०२६ प्लेयर अफ द म्याच पुरस्कार प्रदान गरिनेछ।

प्रतियोगिताको मुख्य शीर्षक प्रायोजक 'कटिया हाउस' रहेको छ भने सह-प्रायोजकका रूपमा 'रिबन इन्टरटेनमेन्ट मिसेस नेपाल वर्ल्ड २०२६' र सहयोगी संस्थाका रूपमा 'प्यारो घर' रहेका छन्। त्यसैगरी इनर्जी पार्टनरका रूपमा एक्स्ट्रिम इनर्जी ड्रिंक, प्रसारण साझेदारका रूपमा कान्तिपुर म्याक्स एचडी, दुईपांग्रे सवारी साझेदारका रूपमा पल्सर र पेयजल साझेदारका रूपमा रिवा नेचुरल स्प्रिङ वाटर रहेका छन्।

प्रतियोगिताको आधिकारिक भोजन साझेदार लोकल थकाली, स्वास्थ्य साझेदार चिरायु नेसनल हस्पिटल, यात्रा साझेदार रिजेन्सी ट्राभल्स एन्ड टुर्स, तस्बिर तथा भिडियो साझेदार अक्टोपस मिडिया, आतिथ्य साझेदार अनमोल बैंक्वेट, आवास साझेदार मनाङ होटेल एन्ड स्पा, शिक्षा साझेदार टेकस्पायर कलेज, युवा विकास साझेदार अपी स्कुल र आधिकारिक तथा तालिम साझेदारका रूपमा माया स्पोर्ट्स सेन्टर रहेका छन्।

## मलेसियाको महिला लिगमा नेपाली खेलाडीलाई आरटिएफसीको सम्मान



**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, २० भदौ

मलेसियाको राष्ट्रिय महिला फुटबल लिग लिगा वनिता नासिओनालमा उत्कृष्ट प्रदर्शन गरिरहेका नेपाली राष्ट्रिय महिला फुटबल टोलीका खेलाडीहरू अनिता बस्नेत, निशा थोकर र हिरा भुजेललाई आरटिएफसी मलेसियाले स्वागत तथा बधाई ज्ञापन गरेको छ। सुभाङ जया स्थित एरिना एमबिएसजे खेल मैदानमा शनिबार सम्पन्न केलाना युनाइटेड एफसी र रेड इगल्स एससीबीचको खेलका क्रममा आरटिएफसी मलेसियाका अध्यक्ष राजु योन्जन तामाङसहित क्लबका प्रतिनिधिहरू मैदानमै उपस्थित भई नेपाली खेलाडीहरूलाई प्रत्यक्ष रूपमा हौसला प्रदान गरेका थिए। सो अवसरमा उनीहरूले खेलाडीहरूसँग भेटघाट गर्दै उनीहरूको खेल यात्राको प्रशंसा गरेका थिए।

अध्यक्ष तामाङले विदेशी भूमिमा नेपाली राष्ट्रिय झण्डा र महिला फुटबलको प्रतिनिधित्व गर्दै खेलिरहेका खेलाडीहरूको योगदानप्रति आफूहरूलाई गर्व लागेको बताए। उनले नेपाली महिला फुटबललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन यी खेलाडीहरूले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे। यसै क्रममा आरटिएफसी मलेसियाले तीनै जना खेलाडीलाई खादा ओढाएर सम्मान गर्नुका साथै आगामी खेलहरूमा अझ उत्कृष्ट प्रदर्शन गर्दै सफलता हासिल गर्न शुभकामना व्यक्त गरेको थियो। कार्यक्रममा उपस्थित प्रतिनिधिहरूले खेलाडीहरूको आगामी खेल यात्रा सफल रहोस् भन्ने कामना समेत गरेका थिए।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०५/२१**

मिति २०८३/०४/२० गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पकली टेक्नोलोजि इन्स्टिच्युट** नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पकली मल्टि टेक्निकल एण्ड रिसर्च सेन्टर (दर्ता नं.: २२४५७२)** कायम गर्ने गरी मिति २०८३/०४/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०५/२१**

कम्पनि रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर काठमान्डौमा **दर्ता नम्बर २१४३१९** भएको त्यस कम्पनिको निर्णय बमोजिम मिति २०८३/०४/२१ को निर्णयअनुसार साविक कम्पनि (**रामनन्दन कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा.लि.**) मा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (**सम्बृद्धि कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा.लि.**) को कम्पनिले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सिर्जना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तिन गरि **सम्बृद्धि कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा.लि.** कायम गरिएको छ।

### साउदीमा रोजगार

कम्पनी : Shahad Shafi Al Nutayfat Foundation | शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०५/१७ | चलानी नं.: ६०२६०६२२ | L.T. No.:347460

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barbers | 1 | 0 | स. काममा दक्ष | 1500 | ६०२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २८ गते (13 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**AL RYAN ENTERPRISES PVT. LTD.** श्रम इजाजत नं. ४१६/०६०/०६१
तिलगंगा रोड, सिनामंगल–९, काठमाडौं, नेपाल, फोनः०१–४४१२१७१
Contact No : 9705560185 (Nawed Shah) Email: alryanktm@gmail.com

### मलेसियामा रोजगार

कम्पनी : LADANG SAWIT JERANTUT SDNBHD | शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/११/२७ | चलानी नं.: ६०२५३३२४ | LT. No.: 340003 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 15 | 0 | स. काममा दक्ष | 1700 | ६३,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २९ गते (14 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**APPLIED VALUE MANAGEMENT PVT.LTD.** Govt. Lic. No. 1713/081/082
Sinamangal-09,KTM, Opp. to HOPE Hospital, Nepal, Tel No : +977-1-4548017, 9812398691, 9852059259, 9768597425, Email: ceo@avm.com.np, info@avm.com.np, Website : http://www.avm.com.np/

### मलेसियामा रोजगार

कम्पनी : ALLIED SECURITY SDN BHD | शहरः MALAYSIA
पुर्व स्वीकृत मितिः २०८२/०६/१० | चलानी नं.: ६०२४५५९९ | L.T. No.:331631 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 90 | 0 | स. काममा दक्ष | 1700 | ६३४६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २८ गते (13 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Fair Connect Resource Pvt. Ltd.** श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Dhumbarahi-4, Manakamana Galli, Kathmandu Nepal, Tel :- 00977-1-5905737, Email :- agencyfcr@gmail.com

### युएईमा रोजगार

कम्पनीः BERKELEY SECURITY SERVICES & BUILDING CLEANING ( BR. OF BERKELEY SERVICES UAE LLC | शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०१/२२ | चलानी नं.: ६०२३७१६२ | L.T. No.: 322849 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 48 | 24 | स. काममा दक्ष | 800 | ३२,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २७ गते (12 September 2026) मा हुनेछ।**
**अन्तर्वार्ता सिपी होटल विर्तामोड, झापामा २०८३ भदौ २८ गते (13 September 2026) मा हुनेछ।**
**अन्तर्वार्ता शाखा कार्यालय, नेपालगञ्जमा २०८३ भदौ ३० गते (15 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SUN LIGHT HUMAN RESORUCE PVT. LTD.** Lic No. 689/063/064
सामाखुसी–०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३, 9802341585, 9700558336, 9864827296.

### शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
### EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

**शून्य लागत भर्ती:** यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ। भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ। उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन।

**Zero Cost Recruitment:** This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund,social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

रोजगारदाता कम्पनी - सोनोको प्रोडक्ट्स (मलेसिया) एसडिएन. बिएचडी.
Employer Company - Sonoco Products (Malaysia) Sdn. Bhd.
ठेगाना - सेलाङ्गोर, मलेसिया
Address - Selangor, Malaysia
फोन – +६०३ ६१५६ ७९६९. Phone - + 603 6156 7969

**कम्पनीको बारेमा** - सोनोको प्रोडक्ट्स मलेसिया उच्च गुणस्तरका कागजका कन्टेनर, औद्योगिक ट्यूब, कोर र मेटल प्याकेजिङ निर्माण गर्ने एक अग्रणी विश्वव्यापी कम्पनी हो। खाद्य, पेय पदार्थ, औषधि, इलेक्ट्रोनिक्स र औद्योगिक क्षेत्रहरूलाई सेवा प्रवाह गर्दै, यो कम्पनीले एसियाभरि अभिनव र दिगो प्याकेजिङ समाधानहरू प्रदान गर्दै आएको छ।
**About Company** - Sonoco Products Malaysia is a global leader in high-quality paper containers, industrial tubes, cores, and metal packaging. Serving the food, beverage, pharmaceutical, electronics, and industrial sectors, the company delivers innovative, sustainable packaging solutions across Asia.

पूर्व स्वीकृत मिति – २०८३/०४/२१ Pre-approval Date - 2026/08/06 | लट नम्बर – ३४६१९० LT No. - 346190 | चलानी नम्बर – ६०२५९४१६ Invoice No. - 60259416

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | ने. रु. NRP | ओभरटाईम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day | हप्तामा काम गर्ने दिन Working Days/Week | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomm-odation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | ३० 30 | ० 0 | अंग्रेजीमा पढ्न र लेख्न दक्ष Able to Read & Write English | १७०० 1700 | ६२,९०० 62,900 | कम्पनीको नियम अनुसार As Per Company Rule | ७.५ घण्टा 7.5 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | २ वर्ष 2 years |

| पासपोर्ट खर्च Passport Expenses | मेडिकल जाँच शुल्क Medical Examination Fee | भिसा शुल्क Visa Fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | कल्याणकारी कोष Welfare Fund | सामाजिक सुरक्षा कोष Social Security Fund | हवाई टिकट खर्च Air Ticket Expenses | संस्थाको सेवा शुल्क Agency Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer |

#### महत्त्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ। इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं। Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/ प्रकृतिः औद्योगिक कामदार/ खाद्य, औषधि, इलेक्ट्रोनिक्स र औद्योगिक क्षेत्रका लागि उच्च गुणस्तरका दिगो कागज तथा मेटल प्याकेजिङ सामग्री निर्माण, एसेम्बल र आपूर्ति गर्ने। Scope / Nature of Job: Factory Worker / Manufacturing, assembling, and supplying high-quality, sustainable paper and metal packaging solutions for industrial, food, pharmaceutical, and electronics sectors.
- बिदाको हकः Leave Entitlement:

| सेवाको अवधि Year of Service | बार्षिक बिदा Annual Leave | बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year) | सार्वजनिक बिदा Public Holiday | अस्पताल भर्ना बिदा Hospitalization Leave |
|---|---|---|---|---|
| २ वर्ष भन्दा कम Less than 2 Years | ८ दिन 8 days | १४ दिन / 14 Days | ११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia) | ६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year) |
| २–५ वर्ष 2-5 Years | १२ दिन 12 days | १८ दिन / 18 Days | | |
| ५ वर्ष भन्दा बढी More than 5 years | १६ दिन 16 Days | २२ दिन / 22 Days | | |

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ। Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
- नेपालमा हस्ताक्षर गरिएको रोजगार सम्झौता कामदारको हित तथा सुविधामा सुधार हुने अवस्थामा बाहेक कामदार गन्तव्य देशमा पुगेपछि पनि परिवर्तन हुने छैन। The employment contract signed in Nepal shall remain unchanged after the worker's arrival in the destination country, except where amendments are made solely for the worker's betterment.
- आवेदकहरुले कानुनले तोकेको अवस्थामा भन्दा बाहेक आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात टाइटानिक वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नु पर्ने छैन। Applicants are not required to deposit their personal identity documents to Titanic or anyone else unless required by law.
- कामदारहरूलाई स्वतन्त्र रुपमा संगठित हुने र सामुहिक हकहितका लागि कानुनले अनुमति दिए बमोजिम भेला हुने अधिकार छ। Workers have the right to freely associate and bargain collectively, where permitted by law.
- कानूनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन। No deductions will be made from the worker's salary after placement, except as required by law.
- करार अवधि समाप्ती पश्चात वा उचित अवधिको सूचना दिइ करार अगावै रोजगारी समाप्त गरेमा स्वदेश फिर्ता हुँदा बसोबास भएको स्थान सम्म लाग्ने यातायात तथा निर्वाह खर्च (खाना र बस्न समेत) रोजगारदाताले बहन गर्नेछ। Upon completion of the employment contract, or in case of early termination with adequate notice, return transportation to the worker's habitual residence, including in-transit lodging, will be provided by the employer.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले टाइटानिक म्यानपावर सप्लायर प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मुल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ। To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuable items, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Titanic Manpower Supplier Pvt. Ltd., its employees, or any other person or organization.
- यदि कामदारद्वारा भर्ती प्रक्रियाको क्रममा कुनै रकम खर्च गरिएको छ भने, रोजगारदाताको तर्फबाट टाइटानिकले प्रस्थान अघि पूर्ण रूपमा फिर्ता गर्नेछ। If a worker incurs any recruitment-related expenses, Titanic will reimburse the full amount on behalf of the employer, before departure.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन। This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौं। तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं। We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि यस संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ जहाँ आवेदकहरूलाई कामको प्रकृति, ज्याला र लाभहरू तथा काम सम्बन्धी सम्पूर्ण विवरणहरूको बारेमा जानकारी दिइन्छ। Any applicant willing to apply for this job must attend a pre-recruitment orientation to receive information including but not limited to the nature of job, wages, benefit, and other relevant details before submitting the application.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ। तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहीं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ। All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- टाइटानिक रोजगारीको समान अवसर सिद्धान्तमा प्रतिबद्ध छ। यस संस्थाको नीतिले कुनै पनि उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता, चिकित्सकिय इतिहास, वैवाहिक स्थिति वा अन्य कुनै कुरालाई आधार नबनाई सबैलाई समान अवसर प्रदान गर्दछ। आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको सीप, क्षमता र योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ। TITANIC is committed to the principles of equal employment opportunity for all, regardless of age, gender, race, religion, politcal affiliation, geographical location, different ability, medical history, marital status or any other basis. The applicants are selected for the employment solely based on their skills, abilities and qualifications rather than personal characterisctics.

**उम्मेदवार दर्ता तथा प्रारम्भिक छनोट फारम / Candidate Registration & Initial Screening Form**
उम्मेदवार दर्ता र प्रारम्भिक छनोट पूरा गर्न कृपया QR कोड स्क्यान गर्नुहोस्। छनोट (Shortlisted) भएका उम्मेदवार-हरूलाई मात्र प्रि-अन्तर्वार्ताको लागि सम्पर्क गरिनेछ।
अनलाइन दर्ता २०८३ भदौ २१ गतेको बिहान ९:३० बजेदेखि दिउसो ३:०० बजेसम्म खुल्ला रहनेछ।
Please scan the QR code to complete the candidate registration and initial screening. Only shortlisted candidates will be contacted for a pre-interview.
Online registration will open on 6 September 2026 at 9:30am to 3:00pm.

**टाइटानिकको गुनासो दर्ता माध्यम / Titanic Grievance Reporting Channel**
यदि तपाईंसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउन हुन अनुरोध गर्दछौं। तपाईंले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन्। If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
+९७७–९८०१००४३४५ / +977-9801004345 grievance@titanicmanpower.com

**प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा – ०३, काठमाडौंमा २०८३ भदौ २४ गते हुनेछ।**
**Pre Interview will be held on 9 September 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**
**फाइनल अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा – ०३, काठमाडौंमा २०८३ भदौ २८ गते हुनेछ।**
**Final Interview will be held on 13 September 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः– १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला। Information provided by the Department of Foreign Employment (DOFE):- 1. Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4. Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6. While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement. Please contact Department of Foreign Employment (DOFE), Tahachal.

TITANIC Ethical Recruitment Agency Since 2002 | Celebrating 24 years | TFHI - OTL Certified Recruitment Agency | ISO 9001:2015 Certified Recruitment Agency

**टाइटानिक म्यानपावर सप्लायर प्रा. लि. (Titanic Manpower Supplier Pvt. Ltd.)**
इजाजतपत्र नं: २८५/०५८/०५९ (Licence No. 285/058/059)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
आधिकारिक सम्पर्क व्यक्ति: शिशीर पौड्याल (Offical Contact Person : Shishir Poudyal)
सम्पर्क नम्बर: +९७७-९७१-२०६५५३८ (Contact Number : + 977-971-2065538)
www.titanicmanpower.com recruitment@titanicmanpower.com
Titanic Manpower Supplier www.tiktok.com/@titanic.manpower
"An Ethical Recruitment Agency Where Integrity Matters"



**माटोको भाँडाबाट आम्दानी**
ललितपुरको मंगलबजारमा खर्पनमा माटोका भाँडा बोकेर बिक्रीका लागि लैजाँदै गरेका व्यापारी। **तस्बिर : घनश्याम श्रेष्ठ/रासस**

# उपत्यकामा दैनिक ४० हजार सिलिन्डर आवश्यक बाहिरबाट ‘बोटलिङ’ गरेर ढुवानी गरिँदै

**काठमाडौं/रासस–** पृथ्वी राजमार्गको कृष्णभीरमा सडक भासिएपछि काठमाडौं उपत्यकामा भएको ग्यासको अभाव हटाउन उद्योगीहरू सक्रिय भएका छन्। उनीहरूलाई नेपाल आयल निगमले उपत्यका बाहिर ‘बोटलिङ’ गरी सिलिन्डर ल्याउन अनुमति दिएपछि सोहीअनुसार उद्योगीहरू लागेका हुन्। नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष दिवान चन्द, निवर्तमान अध्यक्ष शिव घिमिरे, पूर्वअध्यक्ष गोकुल भण्डारी, सदस्य विमल कालाखेतीलगायतले मकवानपुरका ट्रक व्यवसायीसँग छलफल गरी ढुवानीलाई सहज बनाउन लागेका हुन्।

संघका पूर्वअध्यक्ष भण्डारीका अनुसार संघीय राजधानी बाहिरका उद्योगमा खाली सिलिन्डर कम छ। संघीय राजधानीमा खाली भएका सिलिन्डरलाई ट्रकमा राखेर उद्योगसम्म ल्याउनु पर्ने हुन्छ। तीनै ट्रकमार्फत भरेका सिलिन्डर उपत्यका लैजानुपर्ने हुन्छ। नेपाल ग्यासका सञ्चालक रहेका भण्डारीका अनुसार उनको उद्योगको सिलिन्डर चितवनमा रहेको नेपाल ग्यास गण्डकीमा ‘बोटलिङ’ गर्ने काम भइरहेको छ।

सिलिन्डरको अभावमा मागअनुसार भर्न सकिएको छैन। नेपाल ग्यासले उपत्यकामा दैनिक ११ हजार सिलिन्डर बिक्री गर्दै आएको छ। उनका अनुसार केही दिन भित्रमानै आठदेखि १० हजार शिलिन्डर दैनिक काठमाडौं लैजाने गरी तयारी गरिएको छ। संघका सदस्य विमल कालाखेतीका अनुसार अन्य उद्योगले पनि ट्रकमा खालि सिलिन्डर उपत्यका बाहिर ल्याएर ‘बोटलिङ’ गरेर लैजान थालेका छन्।



रातका समयमा कान्ति लोक पथमा गाडी नगुड्ने भएकाले खालि सिलिनडर बोकेका ट्रक आउन ढिलाइ भएको छ। अहिले बाबा ग्यासले श्री ग्यासका सिलिनडर ‘बोटलिङ’ गरेर पठाएको छ। श्री ग्यास नौबिसेको हो। यस्तै साईबाबाले आफ्नै सिलिन्डर काठमाडौं पठाएको छ। गैंडाकोटको जानकीमा नौबिसेको श्रीराम, हेटौँडाको साहारामा काठमाडौंको एभरेष्ट र सुगमको ग्यास भरेर पठाइएको छ।

वनेपाको सगरमाथाले परासीको चण्डी ग्यासमा, वनेपाको लोकप्रिय, सुपर ग्यास, तारा ग्यासलगायतले राजधानी बाहिरका विभिन्न ग्यास उद्योगमा भरेर सिलिन्डर त्रिभूवन राजपथबाट पठाउन सुरु गरेका छन्। उपत्यका र छिमेकी जिल्लामा १६ ग्यास उद्योग रहेको उनले जानकारी दिए। संघका अध्यक्ष दिवान चन्दका अनुसार सामान्य अवस्थामा काठमाडौंमा दैनिक ४० हजार सिलिन्डर आवश्यक पर्छ। अहिलेको अवस्थामा एक लाख सिलिन्डर पनि खपत हुने अवस्था छ। केही दिनमानै समस्याको समाधान हुने उनको भनाइ छ।

एउटा ग्यास बोक्ने बुलेटमा ४५० शिलिन्डर ग्यास आउँछ। ठूलो ट्रकले भरिएका ५०० सिलिन्डर बोक्छ भने खाली ६०० हाराहारी सिलिन्डर बोक्न सक्ने उनले बताए। नेपालका ५८ उद्योगले भरेका ग्यासमध्ये ४० प्रतिशत खपत उपत्यकामा छ। साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले खाना पकाउने ग्यास आपूर्तीलाई सहज बनाइराख्न निजी ग्यास कम्पनीसँग सहकार्य गर्दै आफ्ना ‘एसटीसी सिलिन्डर’मा ग्यास भर्न सुरुआत गरेको छ।

गत आइतबार धादिङको कृष्णभीरमा त्रिशूली नदीले कटान गरेर पृथ्वीराज मार्ग पूर्ण अवरुद्ध बनाएपछि कर्पोरेशनले नयाँ विकल्पको खोजी गर्दै निजी ग्यास कम्पनीको ग्यास प्लान्टमा आफ्ना ‘एसटीसी सिलिन्डर’मा ग्यास ‘बोटलिङ’ गरेर काठमाडौं ल्याउने नीति लिएको हो।

सो राजमार्ग अवरुद्ध हुँदा कर्पोरेशनको धादिङ जुगेखोलास्थित ‘एलपीजी प्लान्ट’मा पनि असर परेको छ। आफ्नो प्लान्टमा ग्यासको बुलेट आउन सम्भव नभएपछि कर्पोरेशनले तत्काल अन्य निजी क्षेत्रका सहज स्थानमा रहेका मनोजसहित बाबा ग्यासका ‘प्लान्ट’सँग सहकार्य गरेर आफ्ना खाली सिलिन्डर ग्यास भरेर वैकल्पिक मार्गबाट उपत्यका भित्राउने प्रबन्ध मिलाएको हो। नेपाल आयल निगमले कर्पोरेशनलाई न्यून कोटा अर्थात् ‘पिडियो’ अनुमति प्रदान गर्दा उसले चाहेर पनि यथेष्ट ग्यास बिक्री गर्न पाइरहेको छैन। निगमले भारतीय आयल कर्पोरेशनबाट कूल तीन हजार २५ ग्यास बुलेटका लागि सम्झौता गरेको जनाइएको छ। सो मध्ये करिव दुई प्रतिशत अर्थात् ५३ वटा ‘बुलेट’ मात्र कर्पोरेशनको भागमा परेको छ। कर्पोरेशनले हाल मासिक ५५ हजारदेखि ६० हजारको हाराहारीमा ‘एसडीसी सिलिन्डर’ खपत गरिरहेको जनाइएको छ।

**भोटेकोशी बाढी**

# रसुवाका १५ सय घरमा क्षति, ४१ किलोमिटर सडक र ८ जलविद्युत् आयोजनामा पूर्ण क्षति

**रसुवा/मस–** भोटेकाशी बाढीले रसुवाका निजी तथा सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुऱ्याएको छ। जिल्ला प्रशासन कार्यालयले भदौं १० गतेको बाढीले पुऱ्याएको क्षतिसम्बन्धी प्रारम्भिक विवरण सार्वजनिक गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार बाढीबाट २८ वटा सरकारी र सार्वजनिक भवन, आठ सामुदायिक र तीन निजी विद्यालय, १४ वटा बैंक तथा वित्तीय संस्था, एउटा पेट्रोल पम्प र एक हजार ५०० वटा निजी घरमा क्षति पुगेको छ।

बाढीले जिल्लामा ४१ किलोमिटर सडक, छ वटा पक्की पुल, आठ वटा ‘बेलिब्रिज’ र १० वटा झोलुङ्गे पुल बगाएको छ। बाढीबाट भोटेकोशी र त्रिशूली नदी तथा लाङ्टाङ खोलामा निर्माण भएका आठ वटा जलविद्युत् आयोजनामा पूर्ण रुपमा क्षति पुगेको छ।



बाढीले १११ मेगावाटको रसुवागढी, १२० मेगावाटको भोटेकोशी, २० मेगावाटको चिलिमे, २० मेगावाटको लाङ्टाङ खोला, २१६ मेगावाटको माथिल्लो त्रिशूली-१, पाँच मेगाावटको मैलुङ खोला, ६० मेगावाटको माथिल्लो त्रिशूली ३ ‘ए’ र ३७ दशमलव तीन मेगावाटको त्रिशूली ३ ‘बी’मा क्षति पुऱ्याएको छ।

बाढीका कारण विभिन्न जलविद्युत् आयोजनाको सुरुङमा फसेकाको खोज तथा उद्धार जारी छ। नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट उद्धार कार्य भइरहेको छ। थप मद्दतका लागि दक्षिण कोरिया, भारत र चीनका विज्ञसमेत प्रभावित क्षेत्रमा खटिइएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ। हालसम्म बाढीमा परी एक हजार ३६५ रसुवाली नागरिक, एक हजार १६० अन्य जिल्लाका नागरिक, २६४ पर्यटक सम्पर्कविहीन भएका छन्। यसैगरी बैंक तथा वित्तीय संस्थाका २६ जना कर्मचारी, ७९ जना सरकारी कर्मचारी, १३ सशस्त्र प्रहरी, २८ जना नेपाल प्रहरी, २७ नेपाली सेना हराएको सहायक प्रजिअ अधिकारीले जानकारी दिए। प्रभावित क्षेत्रका बासिन्दालाई खाद्यन्न आपूर्ति सहज गर्न हेलिकप्टरमार्फत राहत वितरण भइरहेको छ।

# ‘निजी क्षेत्रको लगानीमार्फत सुदूरपश्चिमलाई समृद्ध बनाउनुपर्छ’

**सुदूरपश्चिम/मस–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले प्रदेश सरकारको स्पष्ट नीति र निजी क्षेत्रको लगानीमार्फत सुदूरपश्चिमलाई समृद्ध प्रदेशका रूपमा विकास गर्नुपर्ने बताएका छन्। शनिबार आयोजित निजी क्षेत्र र प्रदेश सरकारबीच बजेटसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उनले औद्योगिक क्षेत्रको विकास र रोजगारी सिर्जनालाई प्रदेश सरकारले आगामी बजेटमा प्राथमिकतासाथ सम्बोधन गर्ने बताएका हुन्।मुख्यमन्त्री भट्टले प्रदेशको ‘रातो किताब’ रकम वितरण गर्ने पुलिन्दा नभई प्रदेशको समृद्धिको मार्गचित्र बन्नुपर्ने धारणा व्यक्त गरे। ‘बजेटले प्रदेशको आवश्यकता, सम्भावना र जनताको अपेक्षालाई सम्बोधन गर्न सक्नुपर्छ। त्यसका लागि यस पटकको बजेटमा हाम्रो प्रयास रहन्छ’, उनले भने।



मुख्यमन्त्री भट्टले सुशासनमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै प्रदेशमा रहेका बेथिति र अनियमितता नियन्त्रण गर्न सरकार निर्मम भएर अघि बढ्ने बताए। बेथितिका विषयमा कुनै पनि सम्झौता नगर्ने स्पष्ट गर्दै उनले सुदूरपश्चिमको विकास र रूपान्तरणका लागि पनि सबै पक्ष गम्भीर भएर एकताबद्ध रूपमा अघि बढ्नुपर्नेमा जोड दिए।निजी क्षेत्रले भोग्दै आएका समस्या समाधानका लागि प्रदेश सरकारले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दै मुख्यमन्त्री भट्टले प्रदेशको आर्थिक विकास र समृद्धिमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गरे। प्रदेश निर्माणको अभियानमा सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो। अन्तरक्रियामा निजी क्षेत्रका व्यवसायीले सुदूरपश्चिममा रहेका सम्भावना तथा आफूहरूले भोग्दै आएका समस्या र चुनौतीबारे धारणा राखेका थिए। उनीहरूले कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकासका लागि प्रदेश सरकारले नीतिगत सहजीकरण गर्दै लगानीमैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका थिए। सो अवसरमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री प्रकाश रावल, आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्ल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गोकर्णप्रकाश भट्टलगायतको सहभागिता थियो।

# अण्डाको मूल्यमा प्रतिक्रेट १५ रुपैयाँ वृद्धि

**काठमाडौं/मस–** कुखुराको अण्डा मूल्य फेरि बढेको छ। नेपाल लेयर्स कुखुरापालक संघले फार्म समर्थन बिक्री मूल्यमा पुनः वृद्धि गरेसँगै बजारमा अण्डाको मूल्य बढेको छ।

संघले सार्वजनिक गरेको नयाँ मूल्य सूचीअनुसार सबै प्रकारका अण्डामा प्रतिक्रेट १५ रुपैयाँ बढाइएको छ। वृद्धिसँगै अण्डाको फार्म मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको छ। यसअघि ४ भदौमा तोकिएको मूल्यअनुसार एक्सएल आकारको अण्डाको फार्म मूल्य प्रतिक्रेट ५९० रुपैयाँ रहेकोमा अहिले १५ रुपैयाँ बढेर ६०५ रुपैयाँ पुगेको छ। त्यसैगरी, ठुलो अण्डा प्रतिक्रेट ५७५ बाट ५९० रुपैयाँ पुगेको छ भने मिडियम अण्डाको मूल्य ५३५ बाट ५५० रुपैयाँ कायम भएको छ।



सानो अण्डाको मूल्य भने प्रतिपेटी ३ हजार २०० रुपैयाँ नै यथावत् राखिएको छ। जुन फार्म मूल्य हो, उपभोक्ता मूल्य भने २५ रुपैयाँ तोकिएको छ। त्यस्तै, मिडियम अण्डा दुईवटा खरिद गर्दा उपभोक्ताले ४५ रुपैयाँ (प्रति गोटा साढे २२ रुपैयाँ) भुक्तानी गर्नुपर्नेछ।लागत मूल्यमा भएको वृद्धि र बजार माग सन्तुलनमा राख्न मूल्य समायोजन गरिएको संघको भनाइ छ।

# बाढी प्रभावित क्षेत्रमा एनसेलको निःशुल्क सेवा निरन्तर

**काठमाडौं/मस–** एनसेलले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रमा प्रदान गर्दै आएको निःशुल्क सेवाको अवधि निरन्तर गरेको छ। सहज सञ्चार, खोज, उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले एनसेलले यो निःशुल्क सेवा भदौ २६ गतेसम्म उपलब्ध गराउने भएको हो।

Ncell
नेपालकै लागि

यससँगै प्रभावित क्षेत्रमा थप एक हप्तासम्म एनसेलका भ्वाइस, डेटा र एसएमएस सेवा निःशुल्क उपलब्ध हुनेछन्। यसअघि एनसेलले बाढी आएको दिन भदौ १० गते प्रभावित क्षेत्रमा तीन दिनसम्म निःशुल्क भ्वाइस, डेटा र एसएमएस सेवा उपलब्ध गराउने घोषणा गरेको थियो। त्यसपछि निःशुल्क सेवाको अवधि ७ दिन थप गरी भदौ १९ गतेसम्म पुऱ्याइएको थियो। ‘यस कठिन घडीमा सहज सञ्चार सुनिश्चित गर्न हामीले प्रभावित क्षेत्रमा निःशुल्क सेवाको अवधि पुनः ७ दिन थप गर्ने निर्णय गरेका हौं। अवरुद्ध भएका टावरमध्ये ९२ प्रतिशत पुनः सञ्चालनमा आइसकेकाले विपद्को समयमा हाम्रो यो निःशुल्क सेवाले प्रभावित समुदायलाई परिवार तथा आफन्तसँग सम्पर्कमा रहन र उद्धार तथा राहत कार्यमा खटिएका टोलीलाई आवश्यक समन्वय गर्न ठूलो मद्दत पुग्ने विश्वास लिएका छौं,’ एनसेलका चीफ कन्जुमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भने।

यस्तै एनसेलले भोटेकोशी बाढीका कारण प्रभावित क्षेत्रमा अवरुद्ध भएका आफ्ना ९२ प्रतिशत टावर पुनः सञ्चालनमा ल्याई सेवा प्रवाह गर्दै आएको छ। कम्पनीले बाँकी टावरहरू पुनः सञ्चालनमा ल्याउन आवश्यक कार्यसमेत गरिरहेको जनाएको छ। बाढीका कारण एनसेलका कुल २७ वटा टावर अवरुद्ध भएका थिए यसैगरी, बाढी गएको भोलिपल्टै एनसेलले खोज, उद्धार, राहत तथा पुनःस्थापना कार्यमा योगदान पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एनसेल फाउन्डेसनमार्फत १ करोड रुपैयाँ सहयोग गरेको थियो।

# म्याक्सस नेपालद्वारा ८० लाख बराबरको राहत सहयोग

**काठमाडौं/मस–** म्याक्सस नेपालले ८० लाख रुपैयाँ बराबरको राहत सहयोग गरेको छ।

म्याक्सस नेपालले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख रुपैयाँ र करिब ३० लाख रुपैयाँ बराबरको सहयोग त्रिशूली नदीपारिका विपद् प्रभावित समुदायलाई प्रत्यक्ष रूपमा उपलब्ध गराइएको छ। सहयोगअन्तर्गत नुवाकोटका दुई अस्थायी आश्रयस्थलमा अल्ट्रा फिल्टर वाटर ट्रिटमेन्ट प्लान्ट जडान गरिएको छ। साथै, करिब ४०० जनालाई पुग्ने अत्यावश्यक राहत सामग्रीसमेत वितरण गरिएको कम्पनीले जनाएको छ।



नुवाकोटको त्रिशूलीस्थित भैरम माध्यमिक विद्यालयमा सौर्य ऊर्जामा आधारित पानी शुद्धीकरण प्रणाली जडान गरिएको छ। उक्त विद्यालयमा हाल करिब ३०० परिवार अस्थायी रूपमा आश्रय लिइरहेका छन्। त्यस्तै, विदुर नगरपालिकास्थित त्रिशूली प्राथमिक विद्यालयमा अर्को पानी शुद्धीकरण प्रणाली जडान गरिएको छ। त्यहाँ हाल करिब २०० परिवारले अस्थायी रूपमा आश्रय लिइरहेका छन्। कम्पनीका अनुसार प्रत्येक प्रणालीले प्रति घण्टा १ हजार लिटर पानी शुद्धीकरण गर्न सक्छ। यसबाट आश्रयस्थलमा रहेका परिवारले सुरक्षित खानेपानी पाउनेछन् भने विद्यालय सञ्चालनपछि विद्यार्थीसमेत लाभान्वित हुनेछन्।

कम्पनीले डसना, सिरानी र तन्नासहित औषधि तथा आधारभूत स्वास्थ्य सामग्री वितरण गरेको छ। खाद्यान्न, तरकारी, खाना पकाउने सामग्री, भाँडाकुँडा तथा महिला, पुरुष र बालबालिकाका कपडासमेत वितरण गरिएको छ। राहत वितरण र पानी शुद्धीकरण प्रणाली जडानमा हिमालय अर्गनाइजेसनका अध्यक्ष ध्रुव थापा र प्रबन्ध निर्देशक मिलन थापासहित कर्मचारी सहभागी थिए। लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ जे नेपालका चिफ गभर्नर रामराजा थापा लगायत पदाधिकारीको पनि प्रत्यक्ष सहभागिता थियो।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**